# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गौरापर्व सुदूरपश्चिममा मनाइने चाडपर्वहरु मध्ये प्रमुख पर्व हो । यस पर्वलाई सुदूरपश्चिमको'दशै' समेत भन्ने गरिन्छ । यसो भन्नुको अर्थ यसको सामाजिक र सांस्कृतिक महत्व बढी हुनुले हो ।हिन्दु धर्ममा आधारित महिलाले मनाउने पर्वको विशेष सामाजिक र सांस्कृतिक महत्व रही आएको छ । ऐतिहासिक हिसाबले यो पर्व कहिले कसरी र कहाँबाट शुरू भयो भन्ने अझैं एकीन र यथेष्ट प्रमाण फेला परेका छैनन् ।धार्मिक प्रचलन र विभिन्न श्रुतीका आधारमा पर्वको महत्वलाई अर्थ्याइन्छ यहाँ । गौरापर्वबारे यस क्षेत्रमा स्थानपिच्छे फरक-फरक धारणा, मान्यता एवम् स्थानीय कथ्य तथा कथनहरु भेटिन्छन् । त्यसैले पर्व मनाउने तरीका ठाँउपिच्छे फरक छ,तथापी यसको धार्मिक एवम् सामाजिक महत्व सबैतिर उत्तिकै रहँदै आएको छ ।

नेपाली तथा आधुनिक बोलीचालीको भाषामा गौरा भनिए पनि सुदूरपश्चिम क्षेमा यसको वास्तविक नाम 'गोराः' पर्व हो। जसको अर्थ गौरी भन्ने हुन्छ । अहिले पनि बुढापाखा तथा डोटेली, बझाङी, बैतडीलगायतका स्थानीय भाषामा गोराः नै भन्ने गर्छन् । गोराको अपभ्रंस भएर अहिले गौरा शब्द प्रचलन तथा बोलीचालीको भाषाको रुपमा प्रयोग हुँदै आएको छ । सुदूरपश्चिममा गोरा भनिए पनि काठमाडौं लगायतका क्षेत्रमा सजिलोको लागि गौरा भनिन्छ । समय अनुसार सुदूरपश्चिमका मानिसहरु अरु क्षेत्रमा बसाइसराइका कारण गोरा समयानुसार गौरा भएको हो (पन्तः२०६१ पेज १४९) ।

गौरा पर्व सुदूरपश्चिमी समाजको अभिन्न अङ्ग बनेको छ । यसो त समाज व्यक्तिहरु बीचको सम्बन्धको जालो हो,जसलाई विभिन्न भाषा, संस्कृति र संस्कारले बाँधेको हुन्छ अर्थात् समाज र संस्कृति एक अर्काका परिपूरक हुन् । आधुनिक समयमा समाज र सांस्कृतिको सन्दर्भ दिनप्रति दिन जटिल बन्दै गएको छ । यस सन्दर्भमा यो पर्व मनाउने प्रचलन र पद्धतिमा पनि परिवर्तन आउनु स्वभाविक हो ।

चाडपर्व , चालचलन , भेषभुषा, सामाजिक परिवेश र संस्कृति नै समाजका ऐना हुन् । पहिचान हुन् । सम्पत्ति हुन् । यिनको माध्यमबाट समाजका हरेक पक्षहरु नियाल्ने

गरिन्छ । संस्कृति भनेको एक किसिमको परम्परागत सामाजिक मानवीय व्यवहार हो । यसका विभिन्न पक्षहरु छन् । कुनैपनि समाजको संस्कृति खासगरी सो समाजमा प्रचलित धर्म, रहनसहन, चाडपर्व, जात्रा, मेला, पूजाआजा, भाषा र लोकसाहित्य समेतका समष्टि व्यावहारिक परम्पराबाट निर्देशित र निर्मित हुने गर्छ (अवस्थीः२०६१,पेज १४५) । गौरापर्व संस्कृतिको एक हिस्सा हो ।गौरा सुदूर पश्चिमको विशेष संस्कृति भएपनि यो विस्तारै विश्वस्तरमा फैलिन थालेको छ । आधारभूत संस्कृति मूल्य-मान्यताहरु समूदायका प्रत्येक व्यक्तिहरुमा समानरुपले बाँडिएको हुनुपर्छ,जसका अधारमा सांस्कृतिक एकता प्रदर्शन हुन्छ ।

सुदूरपश्चिम क्षेत्रकापृथक र मौलिक चाडपर्वमध्ये ओल्के, पुसेपन्द्र, भुवो, गौरापर्व प्रमुख हुन् । यीमध्ये गौरापर्व सबैभन्दा महत्वपूर्ण र धार्मिक अनुष्ठानका रूपमा लिइन्छ । यस अनुष्ठानलाई मूलतः ब्राह्मण र क्षेत्री जातिका विवाहित महिला शुद्ध चोखो भई व्रत बसेर देवी गौरीको पूजाअर्चना गर्दछन् । त्यसो भए यो पर्व ब्राह्मण र क्षेत्री जातिका महिलाको मात्र हो कि भन्ने अर्थ पनि लाग्न सक्छ, जुन स्वाभाविक पनि हो तर उक्त जातिका महिलाले व्रत बसी पूजाअर्चना गरे पनि पर्वलाई उल्लासमय बनाउन सबै जातजातिका महिला, पुरुष, बालबालिका र युवायुवती सबैको उत्तिकै भूमिका पाइन्छ ( शर्मा,२०७३) ।बाहुन र क्षेत्री समुदायका मानिस धेरै बस्ने यस क्षेत्रमा परापूर्व कालदेखि नै गौरा पर्व मनाउँदै आएको पाइन्छ । साथै यस विषयमा अहिलेसम्म पनि प्राज्ञिक तथा अन्य व्यक्ति वा समुहबाट अनुसन्धान भएको छैन । त्यस कार्यलाई मूर्त रुप दिन पनि यो अनुसन्धान जरुरी छ ।

गौरा पर्वको सामाजिक पक्ष अन्तर्गत विभिन्न जातजाति, भाषा, धर्म, लिङ्गका मानिसहरुको सामूहिक रुपमा भेला हुने कार्य पर्दछ ।यसमा आपसी मनमुटाव समेत विर्सेर बुढापाखा मान्यजन् व्यक्तिबाट आशिष लिने, सहयोगको भावना विकास गर्ने, एक अर्काको प्रगतिका लागि शुभकामना आदानप्रदान गरिन्छ । त्यस्तै गरी गौराको सांस्कृतिक पक्ष अन्तर्गत आफ्नो सांस्कृतिक पहिचान जोगाउन देउडा खेल खेल्नु, त्यसै अनुसारको लवाइ खवाइ र प्रचलन समयानुकूल परिमार्जन सहित अँगाल्ने कुरा पर्दछन् ।

## १.२ समस्याको कथन

गौरा पर्व परम्परागत रुपमा मनाउँदै आएको महत्वपूर्ण पर्व हो । सदूररपश्चिम तथा मध्यपश्चिममा मात्र नभएर देश/विदेशमा रहेका सुदूरपश्चिमेलीहरु यो पर्व मनाउँछन् । यसरी हेर्दा यो पर्वको धार्मिक,सांस्कृतिक एवम् सामाजिक महत्व बढ्दो छ । तैपनि पर्व

मनाइने विधि,तरिका र यस सम्बन्धमा जनभनाइ, मान्यता श्रुतिहरुमा एकरुपता देखिदैन । ठाँउ परिवेश अनुसार कतिपयले वास्तविकता भन्दा पनि आफ्नै तरीका अपनाउँदा यसले कुरीति र अन्धविश्वासलाई प्रश्रय दिएको पाइन्छ । त्यसकारण यसबारे गहन र विस्तृत एवम् प्राज्ञिक तवरले अध्ययन हुनु जरुरी छ ।

गौरा पर्वको बारेमा पहिलेभन्दा प्रचार-प्रसार भए पनि यसको वास्तविकता बाहिर आउन सकेको छैन । गौराका बारेमा नयाँ पिढीहरुले पढ्न वा जान्न चाहेमा यसको बारेमा अध्ययन अनुसन्धान भएको त्यति पाइँदैन । जब आफ्नो कला वा संस्कृतिको बारेमा जानेमा वा थाहा पाए भने युवा पुस्ता संस्कृतिप्रति आर्कषित हुन सक्छन् । यसका लागि सत्य तथ्य अनुसन्धान गर्नु पर्ने आवश्यकता महसुस गरिएको हो । यो पर्व समाजका विभिन्न जातजाति, भाषा, लिंग, धर्म र नातासँग जोडिएको छ । यसै गरी सांस्कृतिक चालचलन, रीतिरिवाज, व्यवहार मूल्यमान्यता, बुझाई जस्ता पक्षसँग सम्बन्धित छ । यस्ता पर्वको समाज र संस्कृतिको बुझाइले समग्र समाजलाई बुझ्न सहयोग गर्न सक्छ ।

नेपालमा त्यसै त खोज अनुसन्धान कार्य कमी हुने गरेको छ । केही संघसंस्थाहरु बाहेक विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थाहरुले कला, संस्कृति तथा भाषाको बारेमा प्रयाप्त मात्रमा अध्ययन गर्न सकि रहेका छैनन् । सुदूरपश्चिम वा विकटबस्तीमा बसोबास गर्ने मानिसहरुको संस्कृतिकको बारेमा न्यून अध्ययन गरेको पाइन्छ । यस विषयमा पनि अनुसन्धान कार्य अन्तरगत सुदूरपश्चिमको कला, संस्कृति तथा जीवनशैलीको बारेमा अध्ययन गरेको कमै पाइन्छ । गौराको बारेमा अध्ययन गरी यसको सामाजिक र सांस्कृतिक सम्बन्धलाई बुझ्ने र यसको माध्यमबाट सुदूरपश्चिम समाजलाई बुझ्न लागि पनि गौरा पर्वको अध्ययन अनुसन्धान गर्न लागिएको हो ।

गौरा पर्वको बारेमा भए गरेका अध्ययन अनुसन्धानहरु मानवशास्त्रीय दृष्टिकोणबाट मात्र अध्ययन गरिएको पाइएको छ । गौराले मानिसको समजिक जीवन तथा समाजिक अवस्थालाई बलियो पार्न कत्तिको महत्व रहेको छ ? यसले समाजलाई एकताबद्ध राख्न कत्तिको भूमिका खेलेको छ भन्ने कुरालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययनको टट्कारो अभाव खड्किएको छ ।यस अध्ययनमा निम्न प्रश्नहरुमा केन्द्रित भएर गौरा पर्व र सामाजिक पक्ष बीचका सम्बन्ध खोजिएको छ ।

क) गौरा पर्वले मानव जीवनमा के कस्तोप्रभाव पारेको छ ?

ख)   गौरा पर्व मनाउने प्रचलन कस्ता-कस्ता छन् ?

ग)   स्थानीय स्तरमा गौरा पर्वबारे के कस्ता लोक श्रुति, भनाइ र मान्यता रहेका छन ?

## १.३   अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क)   गौरा पर्वले मानव जीवनमा पारेको प्रभाव पत्ता लगाउने ।

ख)   गौरा पर्व मनाउने प्रचलनबारे खोजी गरी विश्लेषण गर्ने ।

ग)   स्थानीय स्तरमा गौरा पर्वको बारेमा रहेको लोक श्रुति, भनाइ र मान्यताको खोज गर्ने ।

## १.४   अध्ययनको महत्व

'   गुमेको राजनीतिक स्वतन्त्रता लडेर फिर्ता लिन सकिन्छ, तर मृत,नष्ट वा लुप्त भइसकेको संस्कृतिलाई फेरि प्राप्त गर्न सकिँदैन (श्रेष्ठ, २०४३,पेज १७१) । यस सन्दर्भमा संस्कृति संरक्षण महत्वपूर्ण छ । पर्व, सामाजिक संस्कार मूल्य मान्यताहरु संस्कृतिका अभिन्न अंग हुन् । तिनको जगेर्ना र संरक्षणका लागि ती विषयको अध्ययन अनुसन्धान अपरिहार्य छ ।

गौरापर्व सुदूर तथा मध्यपश्चिमाञ्चलको एक महत्वपूर्ण पर्व भएकाले यसको अध्ययन अनुसन्धान गरी सांस्कृतिक तथा जातीय एकतालाई कायम राख्न खेलेको भूमिकाको बारेमा त्यहाँको नयाँ पिंढीलाई सत्य-तथ्यको जानकारी गराउन जरुरी देखिन्छ । जसले सांकेतिक तथा व्यवहारिकरूपले समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यस्तै समयको अन्तराल अनुसार एक पिंढीपछि अर्को पिंढी आउँदै गर्दा यस्ता रीतिथिति लोप हुँदै जान्छन् । एकदिन यस्तो पनि आउन सक्छ, म आफै कुन रीतिथितिको हुँ भन्ने पनि थाहा नहुन सक्छ । यस्ता चाडपर्व, रीतिथिति भनेका नै प्रत्येक समाजका चिनारी र एकताका प्रतीक हुन् । समाज र संस्कृति भिन्न पक्ष भएपनि यी दुई बीच निकट सम्बन्ध छ । समाजको अभिन्न अंगको रुपमा रहेको रीतिरिवाज,चाडपर्वबारे अध्ययन अनुसन्धान र त्यसको प्रसार कोशेढुङ्गा सावित हुनसक्छ ।

सामाजिक अध्ययनमा रूची राख्ने प्राज्ञिक एवम् अन्य वर्गका साथै सभ्य र समतामूलक समाजको परिकल्पना गर्न मदत पुग्छ । साथै समृद्ध राष्ट्र निर्माणको नीति निर्माणका लागि केहीहदसम्म सहयोग पुग्नेछ ।

स्थानीयस्तरमा यस पर्वबारे रहेका अनेकन् खाले भ्रम,अन्धविश्वास र सामाजिक विभेदबारे वास्तविकता जनसमक्ष ल्याउने र सभ्य संस्कृति संरक्षणका लागि भूमिका खेल्नसक्छ । यस अध्ययनले गौरा पर्व मनाउने विधि र प्रचलन जगेर्ना गर्न सहयोग पुग्नेछ । सांस्कृतिक सम्पदा, सामाजिक, सहित्यिक र भाषिक हिसाबले सुरक्षाको प्रत्याभूतिमा यस अध्ययनले केही टेवा पुग्ने अपेक्षा गरिएकोछ ।

यो समाजशास्त्री समाजको अध्ययन हो । गौरा पर्वले सामाजिक र सांस्कृतिक पक्षमा पारेको प्रभावकोअध्ययन गरेकोछ । समाजका चाँडपर्व , रीतिरिवाज मूल्य मान्यता आदिले समाजको आवश्यकता पूरा गरेका हुन्छन् । त्यसैले यी चाँडपर्व रीतिरिवाज र मूल्यमान्यताको अध्ययन पनि समाजशास्त्रको अभिन्न अंगको रुपमा रहेको हुन्छ । यसै सन्दर्भमा गौरा पर्व पनि सुदूरपश्चिमेली समाजमा मनाइने महत्वपूर्ण पर्व भएको यसअध्ययनले समाजशास्त्रको अध्ययनमा एउटा ईंटा थप्ने कार्य अवश्य गरेकोछ, यहाँ पर्व र सामाजिक सांस्कृतिक विभिन्न पक्षलाई देखाइएकोछ ।

## १.५ अध्ययनको संगठन

यस सोधका लागि तथ्यांकहरुलाई क्रमबद्ध ढंगले वैज्ञानिक विश्लेषणका साथ प्रतिवेदन तयार पारिएको छ । अध्ययनबाट प्राप्त तथ्यलाई व्यवस्थित रुपले विभिन्न अध्यायहरुमा विभाजन गरिएको छ ।

यस शोधपत्रमा पाँचवटा अध्यायहरु रहेका छन् । पहिलो अध्यायमा अध्ययनको परिचय समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धानको महत्व, अध्ययनको संगठन र अध्ययनको सीमा राखिएका छन् । दोस्रो अध्यायमा सैद्धान्तिक समीक्षा र पूर्व साहित्यको अध्ययन रहेको छ । तेस्रो अध्यायभित्र अध्ययन क्षेत्र छनौटको औचित्य अनुसन्धान ढाँचा, तथ्यांकको स्रोत र प्रकृति, समग्रता तथा नमुना छनौट, तथ्यांक संकलन विधि, अन्तरवार्ता, समूहछलफल समेटिएका छन् । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय लगायत तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण समावेश गरिएको छ । अध्याय पाँचमा सारांश, प्राप्ति, निष्कर्ष र सुझावहरु रहेका छन् ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक समीक्षा

सामाजिक घटनाक्रमलाई विभिन्न व्यवहारहरुको व्यक्तिगत तथा सामाजिक तहमा हुने क्रिया तथा प्रतिक्रियाको अवस्थाले निर्धारण गर्दछ भन्ने पक्षमा म्याक्स वेवर, तालकोट पार्सन जस्ता समाजशास्त्रीहरुले आफ्नो अभिमत अघि सारे । त्यसैगरी जटिल सामाजिक संरचनाको व्याख्यामा पछिल्ला समाजशास्त्रीहरुले अरु शुक्ष्म तह विश्लेषणका सिद्धान्तहरुको विकास गरेका छन् । अन्य साामाजिक सिद्धान्तको विकासक्रममा प्रभाव पार्ने परिस्थितिहरु जस्तै यस सिद्धान्तलाई पनि अद्यौगिकीकरण, युरोपको पुनःजागरण,युरोपको स्वतन्त्रता सम्वन्धी आन्दोलन तथा वौद्धिक वर्गहरुको वहसको सन्दर्भलेपनि यो सिद्धान्त निर्माणमा वौद्धिक आधार तयार गर्‍यो । समाजको विकासक्रमसँगै समाजिक व्यवस्थामा विभिन्न खालका जटिलता उत्पन्न हुन्छन्, जसमा विभिन्न जातजाति, धर्म,संस्कृति, भाषा, आर्थिक सामाजिक संगठन लगायत विभिन्न सामाजिक इकाइहरुको विकास हुने गर्दछ । क्रिया सिद्धान्तको विकासहुनुमा विभिन्न विद्धानहरुको योगदानलाई महत्वपूर्ण मान्न सकिन्छ । यसैक्रममा प्रतिकात्मक अन्तरक्रियावादको सिद्धान्त हर्वट वलुम्बरले सन् १९६० को दशकमा विकास गरे । समाजशास्त्रीहरुले सामाजिक क्रियाकलापहरु के कसरी सामाजिक सांस्कृतिकरणसँग केन्द्रित हुन्छ भन्नेबारे अध्ययन गरेका छन् ।

समाजशास्त्री मिडले सामुहिक अवधारणाभन्दा व्यक्तिगत क्रियाको बुझाईबाट सामाजिक वास्तविकता बुझ्न सकिने धारणालाई प्राथमिकता दिएका छन् । उनले समाजमा व्यक्तिका व्यवहारमा हुने निरन्तर प्रवृतिले तिनको व्यवहार तथा क्रियाकलापलाई जोड दिँदै तिनको अर्थपूर्ण बुझाइ प्रतिको व्याख्यामा जोड दिएका छन् । समाजशास्त्रप्रति उनको व्याख्या पनि व्यक्तिगत व्यवहार तथा क्रियाकलापको अर्थपूर्ण परिस्थितिको अवस्थाहरु बुझाईसँग तुलना गरेर हेर्नुपर्ने तथ्यमा आधारित छ । समाजशास्त्रमा कर्ता प्रधान दृष्टिकोण नयाँ र पछि विकास भएको दृष्टिकोणपनि हो । यसमा समाज र संस्कृतिको व्याख्या र विश्लेषण गर्दा सुक्ष्म तहका सैद्धान्तिक ढाँचालाई अवलम्बन गरिन्छ । जहाँ वृहत् तहको सैद्धान्तिक ढाँचाबाट समाज र संस्कृतिको व्याख्या र र विश्लेषण गर्ने प्रचलन र मान्यता रहन्छ त्यहाँ सुक्ष्म तहको व्याख्याको आवश्यकतालाई पनि जोड दिइन्छ । उनले आत्मको

विकास प्रक्रिया सामाजिकीकरणसँग सम्बन्धित हुने र आत्मा आफूबाट स्वतन्त्र र समाजबाट निर्देशित हुने धारणा अघि सारेका छन् (मिड, १९३४)।

प्रतिकात्मक अन्तरक्रियावाद पनि समाज र संस्कृतिलाई व्याख्या गर्ने अर्को दृष्टिकोण हो । यसका लागि भाषा, भाव मनोविज्ञान आवश्यक हुन्छ । भाषा त्यस्तो प्रतिक हो, जसकामाध्यमबाट समाजमा अन्तरक्रिया हुन्छ र त्यस्ता प्रतीकहरुले भावको अभिव्यक्ति दिएको हुन्छ । प्रतिकात्मक अन्तरक्रियावादले प्रतिकलाई आधार बनाएर समाजमा हुने सम्बन्धलाई जोड दिएको हुन्छ । यस सिद्धान्तले सामाजिक सांस्कृतिक व्यवस्थालाई मुख्य आधार बनाई भाषागत अभिव्यक्तिमा जोड दिन्छ (क्लिफर्ड, १९७३) । सुदूरपश्चिमेली समाजमा मनाइने गौरा पर्वमा विभिन्न प्रतिकहरुलाई आधार बनाएर त्यसको अनुकरण गरी सामाजिक नियममा बाँधिएको छ । महिलाहरुले लगाउने दुब्धागो हुने रंगहरुको आफ्नो अर्थ हुन्छ । सेतो रङ्गसरस्वती, कालो दुर्गा र रातो लक्ष्मीको प्रतिकको रुपमा पूजा गर्ने चलन रहेको छ ।

प्रत्येक समाजमा आ-आफ्नै किसिमका मूल्य-मान्यता, संस्कृति तथा परम्पराहरु रहेका हुन्छन् । यसका आधारमा सामाजिक व्यवहार, क्रियाकलाप, जनताको बुझाइ र धारणा रहेको हुन्छ । प्रत्येक खालका सामाजिक जटिलताहरु समाजमै उत्पन्न भई त्यहीबाट समाधान हुने गर्दछन् । समाजमा स्थापित जनधारणा, समाजिक मान्यता र नियमहरुले नै सामाजिक जटिलतालाई साम्य पार्दछन् । सामाज निरन्तर परिवर्तनशील छ,नयाँ सामाजिक विधिहरु समाजमा स्थापित हुन्छन (गार्फिङ्कल, १९८४) ।यसै सन्दर्भमा पुराना मूल्य मान्यता जस्तै गौरा व्रत बस्ने महिलाले एउटा धोती मात्र बेरेर भान्सामा खाना खानुपर्ने चलन हराउँदै गएका छन् । आधुनिकीकरणको प्रवाहसँगै होटल, रेष्टुरेन्ट तथा अन्य बाहिरी ठाउँमा पनि खाना खाने गरेको पाइन्छ ।

संस्कृतिले व्यक्तिको मानवीय आवश्यकताको पूर्ति गरी त्यसलाई कार्य गर्न थप उर्जा प्रदान गर्दछ । प्रत्येक सामाजिक ब्यबस्था अस्तित्वमा आउनका लागि निश्चित आधारभूत संरचनात्मक र प्रकार्यात्मक पूर्वाधारहरुपूरा गर्नुपर्दछ । प्रतिकात्मक अन्तरक्रियावादमा अन्तरक्रिया स्वयम् विश्लेषणको विषय हो यसमा अन्तरक्रियाको प्रकृति सामाजिक कार्यका परिवर्तित ढाँचा तथा सामाजिक सम्बन्धमा जोड दिइन्छ । त्यस्तै मेरी डगलस प्रतिकहरु (चिन्ह) लाई सामाजिक व्यवस्थाका महत्वपूर्ण चरित्र मान्दछन् । यहाँ

महिलाहरु गौरा पर्वमा लगाउने दुब धागो , प्रसादका रुपमा दिइने विरुडा (मास , गहत , गहु , गुरास र केराउ) र दियो यस पर्वका विशेष सांस्कृतिक प्रतिक हुन् ।

मानिसलाई खासखालका कुरालाई पवित्र र खासकालका लाई अपवित्र भनेर परिभाषित गर्ने क्रममा धर्मको उत्पत्ति भएको ठानिन्छ । धर्म एक सामाजिक संस्था हो यसलाई उनले एकीकृत विश्वासका रुपमा लिएका छन् । जुन पवित्रवस्तुसँग गाँसिएको हुन्छ । सामान्य रुपमा भन्दा धर्मको आधारशिला अलौकिक संसार र अलौकि वस्तुमा अडेको हुन्छ । छुट्टै पहिचान र अस्तित्व बमोजिम सामाजिक संरचना स्थापित गर्न सफल भएको छ । धर्मअलौकिक शक्तिमाथिको विश्वास हो(टेलर,१८७१) । गौरा पर्व पनि धार्मिक आस्थाको प्रतीक हो । यो पर्वमा खासगरी महिला ब्रतालुहरुले लगाउने 'दुब धागो' प्रवित्रताको सूचक हुने र विवाहित महिलाले त्यो लगाएपछि कुनैपनि धार्मिक वा अनुष्ठानका कार्यमा सहभागी हुन पाउने प्रचलन छ ।

माक्सको दृष्टिमा धर्म उपरी संरचिना अन्तर्गत पर्दछ । यो प्रभुत्वशाली वर्गको हितका लागि सधैं अग्रसर हुने र यसले वस्तुगतत सत्यतालाई ढाकछोप गरी काल्पनिक संसारको निर्माण गरी जनतालाई झुक्याउँछतर संस्कृतिले मानिसलाई जोड्छ भन्ने यस गौरा पर्वको अध्ययनले देखाएको छ । संस्कृतिले मानिसको आवश्यकता पुरा गर्दछ । यसले व्यक्तिहरुलाई एक आपसमा भेला गराउने कार्य गर्दछ । संस्कृतिको माध्यमबाट मानिसको सामाजिकीकरण हुन्छ । समाज विकासको लामो कालखण्डमा संस्कृतिकोविकास भइरहेको हुन्छ ।यसमा हस्तांतरण,परिवर्तन तथा नया सिर्जनाहरु हुन सक्छन ।संस्कृतिको एउटा महत्वपूर्ण विशेषता यो प्रतिकात्मक हुन्छ । कुनै पनि समाजलाई संस्कृतिले संचालन गर्दछ । प्रतीकको सही व्याख्याले कुनै पनि समाज र संस्कृतिका बारेमा बुझ्न सकिन्छ ।

यस अध्ययनमा प्रतिकात्मक सैद्धान्तिक ढाँचाको प्रयोग गरिएको छ । प्रत्येक समाजमा मनाइने चाँडपर्वको व्यवहार तथा क्रियाकलाप बुझ्न त्यस समाज र संस्कृतिमा विकसित गरिएका प्रतिकात्मक अर्थलाई बुझ्नुपर्दछ । समाजको वास्तविकता निर्माण प्रक्रियालाई हेर्दा संस्कृति र प्रतिक बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृतिविना समाज रहन सक्दैन । संस्कृतिको व्याख्या प्रतिकबाट हुने गर्दछ । संस्कृति र प्रतिकको अन्तरक्रियाबाट सामाजिक यथार्थताहरु निर्माण भएका हुन्छन् । त्यसैले विभिन्न प्रतिक वा चिन्हका माध्यमबाट मानिसका व्यवहार, क्रियाकलाप समाज र संस्कृतिको अध्ययन गर्न यस ढाँचाको प्रयोग गरिएको हो ।

## २.२ अनुभवजन्य समीक्षा

सुदूरपश्चिमाञ्चलमा धार्मिक, सांस्कृतिक तथा सामाजिक एकताको रूपमा लिइने गरेको पाइन्छ । जिल्ला तथा गाउँ अनुसार पर्व यो पर्वलाई हिन्दू धर्मावलम्बीहरुले मात्र मनाउने गरेको पाइन्छ । यस पर्वलाई विशेष गरी मनाउने विधि एउटै भए पनि स्थानीय भाषा तथा संस्कृतिअनुसार प्रक्रिया भने फरक-फरक रहेको पाइन्छ । गौरा बेजोर दिनसम्म मनाउने प्रचलन छ । भाद्र शुक्ल पक्षमा गौरा पर्व पर्‍यो भने "उज्याली गौरा" भन्ने प्रचलन रहेको छ भने कृष्ण पक्षमा पर्‍यो भने "अन्यारी गौरा" भन्ने प्रचलन रहँदै आएको पाइन्छ ( भण्डारी, २०६२)।यसरी भाद्र शुक्ल पक्षमा पर्ने उज्याली गौरामा प्रथम पटक व्रत बस्न शुभ मानिन्छ र पहिलो पटक व्रत बस्न उज्याली गौरा नै हुनुपर्ने मान्यता रही आएको छ ।

गौरा पर्वको उत्पत्ति कहिले, कहाँ र कसरी भयो भन्ने सम्बन्धमा कुनै पनि ठोस प्रमाण पाउन सकिएको छैन तर विभिन्न मिथक, मूर्ती र किम्बदन्ती अनुसार गौरापर्व एउटा धार्मिक कथनलाई आधार बनाएको पाइन्छ । कथानुसार गौरापर्वको सुरुवात ब्राम्हणीहरुले गरेको हो भन्ने कथा पाइन्छ । कथा अनुसार बाहुन र क्षेत्रीबीचभएको मनमुटावका कारण क्षेत्रीहरुले बाहुनहरुलाई साह्रै दुख दिएपछि त्यस्तो अत्याचारबाट छुट्कारा पाउन बाहुनीहरुले क्षेत्रीहरुबाट बच्न हिमालयको कन्दरमा नदीको किनारामा माटोको गौरा बनाई भगवानको स्मरण गर्न थाले र भगवती खुसी भई सुतेको बेलामा एउटी बाहुनी कहाँ सपनामा आएर क्षेत्रीहरुबाट छुट्कारा पाउने र मेलमिलापको स्थिति सिर्जना हुने उपाए पाएकाले त्यहीबेलादेखि गौरापर्व तथा पूजाको आरम्भ भयो भन्ने भनाई पाइन्छ(जोशी, २०५९) । यसरी गौरा पर्व परापूर्व कालदेखि मनाउँदै आएको पाइन्छ । त्यस्तै यो पर्व धार्मिक किंवदन्तीमा आधारित छ , जस अनुसार गौरीले शिव पति पाउँ भनी उपासना गरेको पाइन्छ ।

शिव गौरीको पूजा मूल शक्तिको पूजाको रुपमा चलिआएको छ । गौरा पर्व सुदूरपश्चिम क्षेत्रकै अति पवित्र रमनोरञ्जनात्मक चाडको रुपमा प्रचलित छ जुन भारतको उत्तराखण्ड कुमाऊ,गडवालदेखि पश्चिम नेपालको कर्णालीसम्मको क्षेत्रमा मनाइन्छ । पूजा विधि र पर्वमा गाईने गीत र त्यसमा रहेको श्रद्धा, भक्ति तथा समर्पणको भावना नै गौराको प्रमुख विशेषता हो(भण्डारी : २०६२)। हिन्दु नारीहरुले मनाउने अधिकांश चाँडपर्वको उद्देश्य पतिको दीर्घायुको कामना, घर परिवारमा शान्ति तथा सबैसँगको भेटघाट रहेको हुन्छ ।

गौरापूजा गर्दा अगाडिगौरासँगै महादेव तथा शिवको प्रतिमूर्तिलाईपूजा सामाग्रीले सजाइएको हुन्छ । धान खेतमापाइने सावा उखेलेर महिलाहरु गौरालाई घरभित्र सजाउँछन् । गौराको हात र टाउँको सावा मोडेर बनाइन्छ।बाहिरबाट रेशमी कपडाले

सजाइन्छ । घाटीमा विभिन्न सुनका गहना पनिलगाइदिन्छन् ।पार्वतीले शिवजीलाई खुशी पार्न पार्वतीले गरहगना तथा सुन्दर कपडा रेशमी लगाएको भन्ने विश्वासका आधारमा गौरालाई पनि  सजाइन्छ । जसरी शिवजीलाई प्रभाव पार्न पार्वती सुन्दर वा राम्री बने जस्तै गौराको व्रत बस्ने महिलाहरुले पनि  महिलाहरुले पनि आफू पनि सुन्दरतामा निर्खाछन् र पतिहरुलाई प्रभाव पार्ने गर्दछन् । यसकारण गौरामा गौरालाई सुन्दर बनाइने गरिन्छ  । त्यसैगरी महिलाहरुले आफू पनि सुन्दर बन्छन् । सावालाई कलात्मक मानवाकृत बनाएको हुन्छ । त्यही मानवकृत नै गौरा अर्थात गोरी देवीको रुपमा पूजा गर्ने गरिन्छ । त्यसलाई गौरी मूर्ति अर्थात भगवान मानेर पूजा गरिन्छ । यसलाई शुद्ध तथा पवित्र मानिन्छ । गौरी अर्थात् गौरालाई विर्सजन गर्दा गहनाहरु खोलेर घर ल्याउदछन् । दायातिर महादेव देव्रेतिर गौरा राखी पूजा गरिन्छ । पाँच सात दिनसम्म घरमा पूजा गर्ने महिलाहरु साँझ बिहान गौरा भएको ठाउँमा आउँछन् । बिहान बेलुकी पूजा गर्दछन् । दिउसो अठेवाली गाउँछन् । राती महिलाहरु केही स्वतन्त्र भएर डेउडा खेल्छन् भने केहीले फाग गाउने गर्दछन् । आराधना गरिसकेपछि कथा सुन्ने परम्परा भएकोले गौराको पूजापछि कोही अठेवाली गाउने र कोही सुन्ने गर्दछन् । गौरा पूजामा अठेवाली गाइने हुदा प्रत्येक महिलाले गौराको ब्रत अनिवार्य लिने गर्दछन् । बाहुन र क्षेत्रीसम्मका महिला मात्र ब्रत वस्दछन् भने क्षेत्रीहरुमा केहीले मात्र यो व्रत लिने गर्दछन् । यो ब्रत उनीहरुले आफू सकुन्जेल गर्नै पर्दछ र गर्छन् पनि । केहीआधुनिक भएका महिलाहरुले यो व्रत गर्न अप्ठ्यारो माने पनि पुराना सबैले गौराको पूजाआजा अनिवार्य गरेको पाइन्छ ।गौराको व्रत बस्नु भनेका समाजको नियम तथा परम्परा बनेको छ । जसले महिलाहरुलाई सामाजिक नियम भित्र बाँधेको छ । यसरी यसलाई एउटा सामाजिक नियम मान्ने गर्दछन्(चन्द,२०६०)।गौरा पर्वले सुदूर पश्चिमेलीहरुको जीवनशैली तथा संस्कृतिको प्रतिनिधित्व गर्दछ ।

लोकसंस्कृतिका आ-आफ्नै परम्परागत मूल्य र मान्यता रहिआएका छन् । यसैले गर्दा गौरा गायन स्वाभाविक रुपमा जनलय र जनगलामा रसाएको एक लयात्मकता भन्न सकिन्छ । यसमा आफ्नै किसिमको लय, भाका, ढंग पाइन्छ । यस्तै लय र भाका भएका गीतवनपाखा र ग्राम्य जनजीवनका सांस्कृतिक मेलापर्वमा गाएको पाइन्छ । साहित्य तथा संगीतमा एक वस्तु अर्को वस्तुमा चिन्न र छुट्याउन नसकिने किसिमले मिलेको अवस्थालाईनै लय भनिन्छ । यसबाट लयमा स्पष्ट भिन्नता देखा पर्दछ । गौरापर्वका गीतहरुलाईसंस्कृतिको बाहिरी तत्वको रुपमा लिइन्छ भने लय यसको आत्मा मानिन्छ ।

लयले छन्दलाई मूर्त बनाउने र गति प्रदान गर्ने हुनाले लयलाई कविताको मात्र होइन छन्दको पनि प्राणत्व मान्न सकिन्छ । छन्दको पुरानो मान्यता र कठोर अनुशासनलाई त्यागी आधुनिक कविता पनि लयप्रधान बनेर अघि बढेको पाइन्छ । शास्त्रीय साहित्य पनि लय र भावनामा पोखिन चाहन्छ भने लोकसाहित्य त झनै खुला आकाश मुनि स्वच्छन्द जनजीवनमा मिसिने विषय हो । त्यसैले लोकसाहित्यका विभिन्न विधाका हरेक पंक्ति, शब्द र अक्षरमा फरक-फरक संरचना देखिन्छ । यही फरक संरचनाले लयमा पनि भिन्नता देखाउछ । लोकभाकामा बोलिएका गध्यात्मक अभिव्यक्तिहरु पनि लयात्मकतामा व्यक्त भएका हुन्छन् । हरेक जनजिवनका संस्कृति, रीतिरीवाज, लोकमान्यताहरु गीत संगीत र काव्य बनेर आफ्नै शैली र स्वरुपमा लोकजीवन भरि फिजिएको पाइन्छ । गौरापर्वका गीत फाग पनि प्रायः सुदूरपश्चिमेलिहरुमा फिजिएको पाइन्छ । गौरापर्वसँग कमै सुदूरपश्चिमेलीहरु अपरिचित देखिन्छन् । गौरापर्वका आफ्नै मूल्य र मान्यता अनुसार परम्परागत ढंगबाट नयाँ पिंढीलाई सामाजिकीकरण गरेको पाइन्छ । यस क्रममा जीवनलाई धर्म र पापसँग जोडेको पाइन्छ र जीवनमा गरिने धर्मकर्मका कामहरुको फलको चर्चा पनि गरिएको पाइन्छ । उपदेश तथा आर्दशका कुराहरु पनि गीतिलयमा व्यक्त गरिएका पाइन्छन् । जसलाई महिलाहरुको जीवनमा उतार्ने प्रयास गरेको देखिन्छ । एकातिर मनोरञ्जनात्मक अर्कोतिर आत्मीयताले भरिएको गौरापर्वको भूमिका नारीसमाजमा महत्वपूर्ण छ । गौरापर्वले कर्तव्यबोध, मनोरञ्जन र उपदेश पनि दिएको छ(ओझा,२०५७)।

गौरामा बिरुडाको छुट्टै विशेषता छ । यो नै गौराको प्रसाद हो । ब्रतालु महिलाहरु बिउरुडाले आफ्नो पति , छोराछोरी र नातेदारहरुको टाउको (पूजा गर्ने गर्छन सँगै समृद्धी र दीर्घायुको कामना गर्छन् । पकाइएको बिरुडा प्रसादको रुपमा खाने गरिन्छ । त्यस्तै धानको बाली, कुश र फलफुलको हाँङ्गा बेरेर शिव (पार्वतीको मुर्ती बनाइन्छ, बाहिरबाट कपडाले ढाकेर बेहुली जस्तै सजाइन्छ । यो नै गौरा हो, गौराको प्रतीक हो । यसरी बनाइएको गौरालाई गौरा घरमा भित्र्याइन्छ । अष्ठमी (अँठवाली) को दिन गौरा आगन (गोर्या खलो) मा गौरालाई ब्रतालु महिलाहरु पालै पालो टाउकोमा बोकेर फाग गाउँदै नाँच्ने गर्दछन् । देउडाका पारखीहरु दिनभरि (रातभरी देउडा खेलेर पनि थाक्दैनन् । ठाडी भाका, रतेरी, धमारी, हुड्केली आदी देउडाका बिभिन्न प्रकार हुन ।वास्तवमा गौरा पर्वको महिमा यही हो । यसलाई राष्ट्रिय रुपमा प्रवर्द्धनगर्नका लागि उपायहरु अबलम्बन गरिएको देखिदैन ।

यस पर्वको नालीबेलबारे कैयौ कथा किम्बदन्ति छन् । यस्ता किम्बदन्ति प्रकारान्तरले हाम्रो इतिहास र संस्कृतिको अंग बनिसकेका हुन्छन् । यस्ता गणितहीन कुरालाई शुष्क तार्किकताबाट बुझ्न सकिँदैन । फगत कथा मात्रै मान्दा यस भित्रको लोकतत्व मर्दछ र हामी बेरसिला बन्न सक्दछौ । यस्ता पर्ब विशेषका अनुष्टान भित्र स्थानगत र जातिगत भेद देखिए पनि यसमा निहित लोककल्याणकारी भावना एकनासकै हुन्छ । यो स्थानीयता भित्र सार्वभौमिकता समेत लुकेको हुन्छ । समय गतिका साथसाथै गौरोत्सवमा पनि परिवर्तन आएकोछ । तर गीत, नृत्य, अतीत (स्मृति तथा लोकमानसभित्रको अज्ञात, अलिखित, काव्यको सौन्दर्य यो उत्सव भरि छचल्किएको टड्कारै देख्न सकिन्छ । गौरा पर्वले परिवारभित्र आत्मियता बढाउने, एक अर्कालाई सहयोग गर्ने, बुढापाखालाई सम्मान सहित सहयोग दिने वातावरण बनाएको देखिन्छ । बिबाहित तथा उमेर पुगेका महिला, पुरुष गोरे खलोमा जम्मा भई देवीदेवताको स्तुती गीत गाउँछन् भने युवा युवतीहरु देउडा खेलेर मनोरन्जन गर्छा ।

जातीय भेदभाव भएको यस समाजमा यस प्रकारका गतिविधिमा सहभागी हुनु, सबैलाई समान व्यवहार गर्नुले परस्पर सद्भाव र एकताको सन्देश दिएको पाइन्छ । यस्तो महत्वपूर्ण पर्व भएकोले नै लोकजीवनले गौरा विसर्जन गर्दाको अवसरमा गमराको चैतका नामले परिचित लोककाव्यमा भनिएको छ( 'हे गौरा देवी ! तिमी जे दाइजो माग्छौं हामी दिन्छौं ।' बर्षेनी यिनै पक्ष र महिनामा आउँदै गर्नू भन्ने आशय बोकेको चैतद्वारा भनिन्छ- 'ए, फिरी माइत आइजाया गमरा माताऊ' ( शर्मा, २०७३) । जातीय दृष्टिकोणले हेर्दा जातजाति तथा छुवाछुत जस्ता भेदभाव भएको यस क्षेत्रमा गौरा पर्व मनाउँदा कुनै भेदभाव देखिदैन । सवै जातजातिहरु यस पर्वको प्रतिक्षामा रहेका हुन्छन् । गौरा महेश्वरको स्थापना , पूजाआजा गर्न ,मर्मत संभार गर्न बाहुन क्षेत्रीहरु सक्रिय रहेका हुन्छन् भने बाजा बजाउने , लुगा सिउने जस्ता र्कायमा दमाइ लगायत दलित समुदाय सक्रिय रहेका हुन्छन् ।

संस्कृति भनेको युगौंदेखि देश, काल रवातावरण अनुसार चल्दै आएको मान्यता, भावना, चिन्तनमनन र भौतिक साधनसमेतको समूह हो ।  यसमा परम्परा, प्रथा वा रीतिरिवाज,कला आचारव्यवहार,नीति, नियम, धर्म,भाषा,साहित्य,वास्तु,ज्ञान, विज्ञान र विश्वास जस्ता थुप्रै तत्वहरु पर्दछन् । प्रत्येक जाति,वर्ग र सम्प्रदायलाई तिनका संस्कृतिले परिष्कृत बनाउने काम गर्दछ । मानवजीवनलाई परिमार्जित गरेर अधिक सरल आकर्षक र अधिक उपलब्धिमूलक बनाउने काम गर्नु नै यसको खास वैशिष्ट्य हो । यस क्षेत्रमा जेजति

जातजातिहरु छन् तिनमा केहीबाहेक अधिकांश जातिहरु नवागन्तुक हुन् । अहिले सबैभन्दा बढी सङ्ख्यामा देखिने नेपाली भाषी क्षेत्री,बाहुन, ठकुरी,सन्यासी,धानुक, नेगी,दमाई,कामी,लोहार,टमाटा, भुल,सार्की सबैजसोको बसोबास यहाँ एक हजार वर्ष पहिले लगभग थिएन भनेपनि हुन्छ । यिनीहरुपछिको पुरानो मानिने थारू जाति यहाँ करिब ५०० वर्षअघि थिएन । औलो उन्मूलन भएपछि र बजारव्यवस्था र यातायातको सुविधा बढेपछि वस्ती बसेका हुन् । सेती र महाकाली अञ्चलमा बसोबास गर्ने बाहुन, क्षेत्री, चुनारा, कोली, सुनार, पार्की, भुल, ढोली,भाँड, बादी पात्तर आदि अनेकौं जातजातिको निजी र संयुक्त संस्कृति डोटेली संस्कृति हो । गौरापर्व पनि यसको महत्वपूर्ण हिस्सा हो (पन्त, २०६१ ) । संस्कृतिले समाजलाई नयाँ दिशा र पहिचान दिलाउने काम गर्दछ । सुदूर पश्चिमको संस्कृतिको रुपमा रहेको गौरा पर्वले विदेशमा रहेका नेपालीहरुको मनमा आफ्नो संस्कृतिप्रतिको लगाव समर्पणको भावना जगाउन उल्लेखनीय भूमिका खेलेको छ ।

नेपाली समाजशास्त्री गोपाल सिंह नेपालीका अनुसार विभिन्न मूल्य- मान्यता, परम्परा, संस्कृति तथा चाँडपर्वहरु सामाजिक एकताका माध्यम बनेका छन् । उनका अनुसार विभिन्न पर्व, संस्कार तथा संस्कृतिले सामाजिक आवश्यकता पूरा गरेको हुन्छ । उनले नेवारी समाजलाई एउटा संरचना मानी त्यस भित्रका विभिन्न जातिहरु, त्यसका एकाइ हुन् भने तिनले निर्वाह गर्ने भूमिका प्रकार्यात्मक भूमिकामा निर्भर रहेका देखाइएको छ ।

बनेटका अनुसार हिन्दु धर्ममा विभिन्न संस्कारमा छोराको भूमिका बढी हुने गरेको, शुद्धता र अशुद्धताको भावनाको विकास रहेको हुन्छ । विवाह पूर्व महिलालाई सम्मान र पवित्रताको दृष्टिले हेरिन्छ भने विवाह पछि बुहारी भएपछि फरक दृष्टिकोण रहेका हुन्छ । विवाहपछि बुहारी बन्ने भूमिकामा परिवर्तन आउने , बढी अनुशासन र नियन्त्रणमा बस्नुपर्ने तथा बुहारीप्रति अशुद्धताको ब्यबहार प्रदर्शन हुने गरेको छन् (बेनेट, १९८३) । गौराको सन्दर्भका पनि गौराको प्रतिमा तयार गरी भित्र्याउन अविवाहित छोरीहरुबाट गरिन्छ भने बुहारीहरुले शुद्धताको प्रतिक दुब्धागो लगाएपछि मात्र शुद्ध भएका तथा अन्य धार्मिक कार्यका लागि योग्य मानिन्छन् ।

नेपाली समाज एउटा व्यवस्था हो , जसमा अनेकौं जाति तथा जनजातिहरु त्यस व्यवस्थाका एउटा भागका रुपमा रहेका छन् । यी सबै जातजातिहरुको प्रकार्यात्मक अन्तरसम्बन्धबाट नेपाली समाज विगत बाट नै सहअस्तित्वका आधारमा विकसित भएको छ । प्रत्येक जातिभित्र रहेका धर्म, संस्कृति , रीति, मूल्य, मान्यता ,आदर्श आदिले ती प्रत्येक


जातिका व्यवहार  र क्रियाकलापलाई सुनिश्चत गरेको छ । नेपाली विविधताले नै नेपाली समाज र संस्कृतिको अस्तित्व बलियो बनाएको छ ( बिष्ट, २०३०) । गौरा पर्वले पनि स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरुलाई एक सुत्रमा बाँधेर साझा फूलबारीको रुपमा विकास गर्न सहयोग गरको छ ।

सुदूरपश्चिमेली समाज वहुजाती , बहुधामिर्क, बहुसांस्कृतिक विशेषतायुक्त थलो हो । गौरा पर्व यहाँको मुख्य चाँड हो । यस पर्वमा विभिन्न स्थानीय भाषीहरुको सहभागिता रहन्छ ।लैङ्गिक विभेद र जातीय भेदभाव रहेता पनि यस पर्वमा मुख्य आकर्षण देउडा खेल हो , जसमा सबै बर्गको सहभागिता सक्रिय रुपमा नै रहेको हुन्छ । गोलो घेरामा पैतला र कुम जोड्दै यस खेलले विशाल जनसमूह एकताबद्ध भएको देखाउँछ । हरेक जातिको सहअस्तित्व र अन्तरनिर्भरता यस पर्वले देखाउंछ । देउडा खेलको प्रतिस्पर्धामा एक अर्कालाई व्यङ्ग गर्ने होच्याउने देखिएता पनि यस पर्वले सकारात्मक सन्देश दिन्छ । यी समुदायमा द्वन्द र झगडाको स्थिति रहदैन ।

माथिका विभिन्न अध्ययन अनुसन्धान गौरा पर्वमा के हुन्छ, के भइरहेको छ, ठाउँ अनुसार यसको अभ्यास कस्तो रहेको छ भन्नेमा केन्द्रित रहेका देखिन्छन् । यो पर्व मनाउनुको वास्तविक मान्यता के हो र समाजमा यस पर्वको प्रादुर्भाव कसरी भयो भन्ने अध्ययन अनुसन्धानको भने अभाव छ, तथापी समाजपिच्छे, व्यक्तिपिच्छे आ-आफ्नो तरीकाले अर्थ्याउने गरेको भने पाइन्छ, जसमा एक आपसमा विरोधाभास भनाइ समेत रहेका छन् । यसकारण यस पर्वको यथार्थता प्रकाशमा ल्याउनमा अध्ययन केन्द्रित रहको छ । यसका साथै समाजमा यस पर्वको असर कस्तो छ , यसले गर्दा समाज परिवर्तनको दिशा कतातिर डोरिएको छ ,यसको प्रभाव कस्तो रहेको छ भन्ने बारको अध्ययनको अभाव पनि पूरा हुने अपेक्षा गरिएको छ ।

## २.३ अवधारणागत ढाँचा

गौरा पर्वको सामाजिक र सांस्कृतिक सम्बन्ध अध्ययन गर्ने क्रममा यो अवधारणात्मक ढाँचा प्रयोग गरिएको छ :



मान्यता र लोकश्रुति

गौरा पर्वले समाजका विभिन्न पक्ष जस्तै लैंगिक विभेद, सामाजिक एकता, चेतना, जातीय सहभागिता र कार्य विभाजनले पारेको सकारात्मक प्रभावबाट समाजलाई सन्तुलित व्यवस्थाका रुपमा लैजान महत्वपूर्ण भूमिका खेलेको छ । समाजको चालचलन, रीतिरिवाज, व्यवहार, बुझाइ आदि सांस्कृतिक पक्षहरुको जगेर्ना गर्न यस पर्वको उल्लेखनीय भूमिका रहेको देखिन्छ । गौरा पर्व मनाउने प्रचलन र पद्धतिमा परम्परागत र आधुनिक तरीकामा आएको फरकपनाले समाजको गौराप्रतिको दृष्किोण सकारात्मक भउको देखाउँछ । गौरा पर्वमा रहेका मान्यता र लोक श्रुति समयको परिवर्तनसँगै कतिको परिमार्जित भएका छन् र यी कुराहरुले समाजलाई कतातिर डोर्‍याइरहेको छ भन्ने कुरालाई संकेत गर्दछ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अनुसन्धानलाई व्यवस्थित, मर्यादित र दिशा निदृष्टि गर्नका लागि उपयुक्त अध्ययन क्षेत्र र विधि छनोट गर्नु जरुरी हुन्छ । यहाँ शोध कार्यका लागि कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. २ भाँसीलाई छनौट गरिएको छ ।यस क्षेत्रमा सो सम्बन्धी कुनै अध्ययन भएको छैन र गौरा पर्व मनाउने समूहको बाक्लो बस्ती भएकाले यो क्षेत्र अध्ययनका लागि उपयुक्त ठानिएको छ । यसपर्व र यस क्षेत्रको साझा भावना सम्बन्धी अध्ययन अनुसन्धान गरी सम्भव भएसम्मका तथ्य र यसको  मानव जीवनमा प्रभाव जनसमक्ष ल्याउन उक्त क्षेत्रलाई अध्ययनका लागि छनोट गरिएको हो।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा प्राप्त तथ्यांकहरुलाई विविध तरिकाहरु जस्तै तालिका, का साथै विवरणहरुलाई विस्तृत रुपमा वर्णन गरिने भएकाले वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएकोछ । यसका साथै सामाजिक अवस्था सम्बन्धी अध्ययन भएकाले यसमा प्रभाव पार्ने तत्वहरुको ब्याख्या र बिश्लेषण समेत गरिएकोछ

## ३.३ तथ्यांकको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका तथ्यांक संकलन गरिएकोछ । निर्धारित उद्देश्यमा केन्द्रित रहेर तथ्यांक संकलन गरिएकोछ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता, समूह छलफल, अन्तरकिया  रहेका छन् । द्वितीय स्रोत अन्तर्गत अध्ययनलाई थप विश्वसनीय बनाउनका लागि यस पर्वको सांस्कृतिक एवम् सामाजिक पक्षसँग सम्वन्धित पुस्तक, लेख/रचना, सोध, स्थानीय भनाई, मान्यता आदिको समेत उपयोग गरिएकोछ ।

## ३.४ समग्रता र नमूना छनौट

यस अध्ययनको लागि अध्ययन क्षेत्रको रुपमा कन्चनपुर जिल्ला भीमदत्तनगरपालिका २ भाँसीलाई लिइएका कारण उक्त ठाउँमा रहेको सम्पूर्ण घर परिवारलाई समग्रताको रुपमा लिइएको छ । सो ठाउँमा रहेका जम्मा ३०१ घर परिवार सबैले गौरा पर्व मनाउने गर्दछन् ।

ती मध्ये ३० घर परिवारलाई सम्भावनायुक्त नमूना छनौट विधि अन्तर्गत व्यवस्थित नमूना छनोटको प्रयोग गरी अध्ययनको निम्ति छनौट गरिएको छ। किन भने यस विधिले समग्रमा भएका सबै इकाईको प्रतिनिधित्व गर्ने संम्भवाना उत्तिकै हुन्छ । उत्तरदाताको रुपमा १६ वर्षभन्दा माथिका व्यक्तिहरुमध्येबाट समेटिएको छ । यो उमेर समूहका उत्तरदाताहरु आफ्नो पर्वको बारेमा स्पष्ट जानकारी दिनसक्ने ठहर अनुसन्धानकर्तामा रहेका कारण उक्त उमेर समूहकोलाई मात्र रोजिएको छ।

## ३.५ तथ्याङ्क संकलन विधि

अध्ययनलाई पूर्णता दिनका लागि स्थलगत अध्ययन विधिका साथै प्रश्नावली, अन्तरवार्ता, समूह छलफल र ,अन्तरकिया विधि अपनाइएका छन् ।

### क) अन्तरवार्ता-अनुसूची

यस विधिबाट तथ्यांक संकलन गर्न संरचित र असंरचित प्रकृतिका प्रश्नहरु समावेश गरिएकाछन् । आवश्यक प्रश्नावली सूची तयार गरिएको छ । अध्ययनक्षेत्रका प्रत्येक उत्तरदातासँग पुगेर प्रत्यक्ष अन्तरवार्ताद्वारा प्रश्नावली भरी तथ्यांक संकलन गरिएको छ। व्यक्तिगत रुपमा उत्तरदताको मनोभावना बुझी यथार्थताको पहिचान गर्दै प्रश्नावलीमा आधारित भई तथ्यांक संकलन गरिएको छ । यसका लागि अध्ययन क्षेत्रमा गई प्रत्येक घरधुरी मध्ये विभिन्न लिङ्ग तथा उमेर समूहका अनुभवी व्यक्तिलाई भेटी अन्तरवार्ता-अनुसूची बमोजिम तथ्यांक संकलन गरिएको छ । यसबाट वास्तविक तथ्य पत्ता लाग्ने विश्वास गरिएको छ।

### ख) समूह छलफल र अन्तरकिया

यस अध्ययनमा आधारित समुदायका ऐतिहासिक,सामाजिक, सांस्कृतिक अवस्थाको विस्तृत जानकारीका लागि सामाजिक अगुवा तथा जानकारहरुसँग छलफल तथा अन्तरकिया प्रकिया अबलम्बन गरिएकोछ । अन्तरवार्ताबाट आएको तथ्यमा सत्यता थप्न यसबाट सहयोग पुग्नेछ। गौरा मनाउने प्रचलन र विधि बारे लिङ्,उमेर, पेशा, जात आदि आधारमा विभाजन गरी छलफल गरिएको थियो । उनीहरुको विचारलाई समेटी अनुसन्धान अघि वढाइएको थियो।

## ३.६. तथ्याङ्क विश्लेषण

अध्ययनमा तथ्याङ्को विश्लेषण महत्वपूर्ण कार्य हो । यसले अध्ययन निष्कर्षमा पुग्ने औजारको भूमिका खेल्छ । यस अध्ययनमा तथ्याङ्क संकलनबाट प्राप्त आकडालाई टेबुलेसन गरी संख्यात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अनुसन्धानका आफ्नै निश्चित सीमा तथा दायरा हुन्छन् । यस अध्ययनमा सुदूरपश्चिमका बासिन्दाको सामाजिक तथा व्यवहारिक जीवनमा गौरा पर्वले पारेको प्रभाव र यसले यस क्षेत्रमा ल्याएका साझा भावनाको विकासको अध्ययन गरिएकोछ । तर सुदूरपश्चिममा पर्ने ९ ओटै जिल्लाको पूरै अध्ययन गर्न कठिन हुने हुँदा अध्ययनमा नमूनाको रुपमा कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका -२ भाँसी लाई लिइएकोछ । यस बाहेक गौरापर्वबारे जानकार र विज्ञसँग आवश्यक परामर्श गर्ने र त्यस्ता व्यक्तिहरुको अनुभव संकलन गरिएकोछ । समय तथा स्रोतको अभावले प्रस्तावित अध्ययनमा सबै पक्ष समावेश गर्न कठिनाई भए पनि अध्ययनलाई सार्थक र यथार्थपरक बनाउने प्रयास गरिएको छ । भौगोलिक सीमा क्षेत्रभित्र नरही सामाजिक तथा मानव व्यवहारका कार्य र संस्कृतिसँग सम्बन्धित रहेर गौरापर्वको अध्ययन गरिएको छ । यस अध्ययनमा लामो समयको अवलोकन विधि प्रयोग गर्न सकिएको छैन । सीमिति स्थान र उत्तरदाता समेटिएकाले समग्र सम्बन्धित समाजहरुकोजस्ताको त्यस्तै प्रतिविम्ब नदिन पनि सक्छ ।

# अध्यायचार

# तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

कन्चनपुर जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, महाकाली अञ्चल अन्तर्गत पर्ने तराइको जिल्ला हो । कन्चनपुर जिल्लामा आठओटा नगरपालिका र चारओटा गाउँ विकास समितिहरु रहेका छन् । तीमध्ये भीमदत्त नगरपालिका एक हो । यस नगरपालिकाको वडा नं. २ अन्तर्गत भाँसी क्षेत्र रहेको छ । यस क्षेत्रमा गौरा पर्व धुमधामका साथ मनाउने गरिन्छ । यस क्षेत्रको कला, संस्कृति, रहन सहन तथा भाषा पनि विशिष्ट छ । यहाँ विशेष गरी बाहुन, क्षेत्री, वैश्य, दलित तथा दशनामीहरुको बसोबास गर्दछन् । अवस्थी, उप्रेती, अधिकारी, मल्ल, नाथ, नेपाली विक, जोशी, विष्ट लगायतका थरहरुका मानिस बसोबास गर्दछन ।

यहाँका बासिन्दाले मनाउने चाँडबाडहरु, विषु, गौरा, पुतली नाच, माघे संक्रान्ति, गावा पर्व, माणे त्यार, तीज, ऋषि पञ्चमी आदि रहेका छन । यी सबै पर्वहरुको आ आफ्नै महत्व मूल्य, मान्यता तथा इतिहास रहेको छ । पर्व मनाउने विधि र तरीका फरक फरक छन् । यहाँ मनाइने पर्वमध्ये गौरा महत्वपूर्ण र ठूलो पर्व हो । गौरालाई यस क्षेत्रका मानिसले सुदूरपश्चिमकै 'दशै' पनि भन्ने गर्दछन् । अन्य समुदाय तथा जात भन्दा पनि बाहुन तथा क्षेत्री समुदायले यो पर्व विशेष रुपमा मनाउने गर्दछन् । गौरादेवीको व्रत लिएपछि महिला शुद्ध हुने र मनोकांक्षा पुग्ने विश्वास गरिन्छ ।

गौरा पर्वको अध्ययनका लागि लागि परिचित सुदूरपश्चिमको कंचनपुर जिल्लाको भी.न.पा. २ भाँसीलाई शोधपत्र अध्ययनका लागि छनोट गरिएको थियो । बाहुन र क्षेत्री समुदायका मानिस धेरै बस्ने यस क्षेत्रमा परापूर्व कालदेखि नै गौरा पर्व मनाउँदै आएको पाइन्छ । साथै यस विषयमा अहिलेसम्म पनि प्राज्ञिक तथा अन्य व्यक्ति वा समुहबाट अनुसन्धान भएको छैन । त्यस कार्यलाई मुर्त रुप दिन पनि यो अनुसन्धान जरुरी छ । अनुसन्धान सम्पन्न गर्न शिक्षक, कर्मचारी, विद्यार्थी, समाजसेवीलगायत ३० जना व्यक्तिलाई उत्तरदाताको छनोट गरियो । उनीहरुलाई तपशील बमोजिमको प्रश्नहरुको आधारमा अन्तरवार्ता लिएको थियो । जुन यसप्रकार रहेको छ :

## ४.२ गौरा पर्वको मानव जीवनमा प्रभाव

चाँडपर्व रीतिरिवाज मानव जीवनका अभिन्न अंग हुन् । यिनीहरुलाई मानव सभ्यताका परिचायक मानिन्छ । यसैले कुनै पनि पर्वले मानव जीवनमा प्रत्यक्ष-परोक्ष प्रभाव पर्ने कुरालाई नकार्न सकिदैन । गौरा पर्व पनि यस सँग जोडिएको देखिन्छ ।

### ४.२.१ सामाजिक प्रभाव

समाज व्यक्तिहरुको समूह हो, जुन विभिन्न मूल्य मान्यता अन्तर्गत बाँधिएको हुन्छ । सामाजिकसम्बन्धहरुको जालो अन्तर्गत रहेको मानवीय जीवन नै सामाजिक जीवन हो ।सामाजिक जीवन चाँडपर्वबाट पनि प्रभावित हुन्छ ।

#### ४.२.१.१ लैङ्गिक समावेशीकरण

सामाजिक विकासका लागि लैङ्गिक समावेशीकरण अपरिहार्य तत्व हो । समय परिवर्तको गतिसँगै यसको आवश्यकता अझ बढी बोध भइरहेको छ । यसले महिला पुरुषको सहभागितालाई संकेत गर्दछ । गौरा पर्वमा लैङ्गिक समावेशीकरण यसप्रकार भेटियो :

**तालिका नं. १**

**गौरामा सहभागिता**

| क.स. | गौरामा सहभागिता | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाको मात्र | ११ | ३७.० |
| २ | पुरुषका मात्र | १ | ३.०० |
| ३ | महिला र पुरुष दुवै | १८ | ६०.० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्वमा सहभागिताका बारेमा सोधिएको जिज्ञासामा ११ जना अर्थात् ३७ प्रतिशतले महिला १ जना अर्थात् ३ प्रतिशत पुरुष र १८ जना अर्थात ६० प्रतिशत महिला र पुरुष दुवैले गौरा पर्व मनाउने गरेको बताएका छन् ।

यसको आधारमा यो प्रष्ट हुन्छ कि वर्तमान सन्दर्भमा ज्वलन्त मुद्दाको रुपमा उठिरहेको लैङ्गिक सवालको विषयलाई स्पष्ट रुपमा पक्षपोषण गरेको देखिन्छ । अधिकांश महिला प्रधान मानिएका चाँडपर्वहरुमा महिलामात्रको नभएर त्यसमा पुरुषको पनि उत्तिकै

भूमिका हुन्छ । महिलाले यस पर्वमा व्रत बस्ने भनेको आफ्नो सम्पूर्ण परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्नु हो भने जसमा पुरुषको पनि प्रत्यक्ष अप्रत्यक्ष संलग्नता रहेको हुन्छ ।

### ४.२.१.२ सामाजिक एकता सुदृढिकरण

समाजमा सहअस्तित्व, सद्भाव , समानता आदिको विद्यमानताले सामाजिक एकताको आधार तयार गर्दछ । सामाजिक एकता सर्वाङ्गिण राष्ट्रिय विकासको पूर्व शर्त मानिन्छ । गौरा पर्वको मुख्य विशेषताको बारेमा रहेको दृष्टिकोण यसप्रकार पाइयो :

**तालिका नं. २**

**गौरा पर्वको मूख्य विशेषता**

| क.स. | गौरा पर्वको मुख्य विशेषता | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक ठाउँमा भेला हुने अवसर | ८ | २७.० |
| २ | देउडा मार्फत दिइने एकताको सन्देश | १० | ३३.० |
| ३ | सुख दुःख साटासाट | १२ | ४०.० |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

उत्तरदातामध्ये ८जना अर्थात् २७ प्रतिशतले एक ठाँउमा भेला हुने अवसर प्राप्त हुनु, १०जना अर्थात् ३३ प्रतिशतले गोलो घेरामा एकताबद्ध भई देउडा खेल्नु, १२ जना अर्थात् ४० प्रतिशतले सुख दुःख साटासाट नै गौरा पर्वको मुख्य विशेषता भएको जवाफ दिए ।

गौरा पर्वले आफ्नो कार्यव्यस्ततामा तल्लीन व्यक्ति वा समाजलाई एक ठाउँमा भेला गराउने अवसर प्रदान गर्दछ । बर्षौंदेखि भेटघाट नभएका टाढाटाढाबाट माइत आएका चेलीबेटी विदेशिएका दाजुभाइ दिदि बहिनी एक ठाउँमा एकत्रित भई देउडा खेलमार्फत आफ्नो भोगाइ अनुभव एक अर्कासित साटासाट गर्ने गरेको पाइयो । समग्रमा माथिका भनाइहरुबाट गौरा पर्वको सामाजिक एकता प्रवर्द्धनमा महत्वपूर्ण योगदान रहेको प्रष्ट हुन्छ ।

### ४.२.१.३ नागरिक सचेतना अभिवृद्धि

स्वस्थ्य र सभ्य समाज निर्माणका लागि सचेत नागरिकको अपरिहार्यता अपेक्षा गरिन्छ । गौरा पर्वमा गाइने देउडा गीतको सन्दर्भ र विषयका बारेमा उत्तरदाताको दृष्टिकोण यस्तो पाइयो :

**तालिकानं. ३**

**देउडाको सन्देश**

| क्र.स. | देउडाको सन्देश | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनीति सम्बन्धी | १० | ३३.० |
| २ | धर्म सम्बन्धी | ६ | २०.० |
| ३ | समाज निर्माण सम्बन्धी | ९ | ३०.० |
| ४ | अन्य | ५ | १७.० |
| जम्मा | | ३० | १००.० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

गौरा पर्वमा खेलिने देउडा खेलले के सन्देश दिन्छ भन्ने प्रश्नमा राजनीति सम्बन्धी सन्देशमा १० जना अर्थात् ३३ प्रतिशत ले, धर्म सम्बन्धी सन्देश मा ६ जना अर्थात् २० प्रतिशत् ले , समाज निर्माण सम्बनधी सन्देश मा ९ जना अर्थात् ३० प्रतिशतले र अन्य सन्देशमा ५जना अर्थात् १७ प्रतिशतले जवाफ दिएका छन् । यहाँ अन्य सन्देश भित्र माया प्रीतिका कुरा र स्थानीय चालचलन सम्बन्धी सन्देश रहेका छन् ।

यस पर्वमार्फत नेपालको राजनीतिक अवस्था के कस्तो छ ? राज्यको कुन पक्षले कहाँ ध्यान दिनु जरुरी छ ? राज्यको कुन नीति र सम्झौताले जनतामा पारेका असर बारे सचेतना गरेको पाइयो । त्यस्तै धर्मको बाटोमा हिडी सकारात्मक सन्देश दिएको पाइयो । यसप्रकार नागरिकलाई गीत मार्फत् सकारात्मक सन्देश दिई सचेतना अभिवृद्धिमा यस पर्वको अहम् भूमिका रहेको पाइयो ।

### ४.२.१.४ जातीय सहभागिता

कुनै पनि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समाज व्यवस्थित तरीकाले अगाडि बढ्नका लागि सबै जात जातिको सहभागिता र सहअस्तित्व हुनु आवश्यक हुन्छ । अनुसन्धानका गर्न छनोट गरिएका र पर्व मनाउने  व्यक्तिहरुको जातीय अवस्था  यस्तो भेटियो :

**तालिका नं. ४**

**जातीय सहभागिता**

| **क्र. स.** | **जातीय सहभागिता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ब्राह्मण | १२ | ४०.० |
| २ | क्षेत्री | १० | ३३.० |
| ३ | अन्य | ८ | २७.० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

सहभागिहरुमध्ये १२ जना अर्थात् ४० प्रतिशत ब्राह्मण , १० जना अर्थात् ३३ प्रतिशत् क्षेत्री र ८ जना अर्थात् २७ प्रतिशत अन्य जातका रहेका छन् । अन्य अन्तर्गत दमाइ, सुनार, चौधरी, आदिरहेका छन् । यस पर्वलाई मनाउन जातीय आधारमा कुनै पनि बन्देज रहेको पाइएन । हरेक उत्साही व्यक्तिलाई देउडाका माध्यमबाट आकर्षित गर्ने गरेको पाइयो ।

### ४.२.१.५ कार्य विभाजन

गौरा पर्वमा परम्परादेखि नै जातिगत रुपमा कार्य गर्नुपर्ने प्रचलन रही आएको छ । यसरी यस पर्वलाई परम्परागत जातीय एकताको संगमको रुपमा समेत लिने गरिन्छ । अर्थात् जसरी एउटा शरीरले स्वस्थ भएर काम गर्न यसका सबै अंग र प्रणालीले आ-आफ्नो ठाउँमा सक्रिय रुपले काम गर्न आवश्यक हुन्छ, त्यसै गरी यस पर्वको गरिमा जोगाइराख्न प्रत्येक जातिका कामको उत्तिकै महत्व रहेको हुन्छ । यस पर्वमा जातिगत रुपमा रहेको भूमिका यसप्रकार पाइयो :

**तालिका नं. ५**

**कार्य विभाजन**

| **क्र.स.** | **भूमिका** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पूजा गराउने | ३ | १०.० |
| २ | देउडा खेल्ने | २१ | ७०.०० |
| ३ | बाजा बजाउने | ६ | २०.० |
| जम्मा | | ३० | १००.० |

(स्रोतः स्थ्लगत अध्ययन, २०७३)

यस पर्वमा जातीय रुपको भूमिका हेर्दा ३ जना अर्थात् १० प्रतिशत ब्राम्हण, २१ जना अर्थात् ७० प्रतिशत देउडा खेल्ने र ६ जना अर्थात् २० प्रतिशत बाजा बजाउने भेटिए ।

यस पर्वमा केही भूमिका सबै जातका लागि समान छन् । जस्तैः देउडा खेल्ने । केही भूमिका भने जात अनुसार  छुट्टयाइएको पनि पाइयो । जस्तै : पुजा गराउने काम ब्राह्मणले मात्र, बाजा बजाउने काम दलितले मात्र । यस प्रकार जातीय सद्भाव, सहिष्णुता र अन्तरनिर्भरता कायम गरी स्वस्थ र सभ्य समाज निर्माणमा यस पर्वको सकारात्मक प्रभाव रहेको पाइयो ।

### ४.२.२ सांस्कृतिक प्रभाव

एउटा समाजमा बसोबास गर्ने निश्चत समूह वा मानिसहरुले अवलम्बन गर्ने खानपान, भेषभूषा रहनसहन, भाषा, प्रथा , मूल्य मान्यता तथा सभ्यताको सामूहिक योग नै संस्कृति हो । संस्कृति व्यक्तिले बनाउने नभई समूह वा समाजबाट सिक्ने विषय भएकाले संस्कृतिमा समाजको गुण निहित हुन्छ ।

### ४.२.२.१स्थानीय भाषाको प्रवर्द्धन

विचार आदान प्रदानको  माध्यमको रुपमा भाषालाई लिइन्छ । कुनै पनि समुदायको भाषा सो समुदायको पहिचान हो । आफ्नो भाषाको जगेर्ना गर्नु सम्बन्धित व्यक्तिको दायित्व पनि हो । गौरा पर्वले भाषाको विकासमा के कस्तो प्रभाव रहेको छ भन्ने प्रश्नमा देहाय बमोजिमको दृष्टिकोण पाइयो :

**तालिकानं. ६**

**भाषा विकासमा गौराको प्रभाव**

| क्र. स. | भाषा विकासमा गौराको प्रभाव | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गौरामा स्थानीय भाषा मात्र प्रयोग हुनाले | १२ | ४०.० |
| २ | देउडामा स्थानीय साहित्यिक शब्दको प्रयोग हुनाले | १२ | ४०.० |
| ३ | अन्य समुदायका पनि यस पर्वप्रति आकर्षित हुनाले | ६ | २०.० |
| जम्मा | | ३० | १०० |

(स्रोत: स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि गौरा पर्वको भाषा विकासमा के कस्तो योगदान रहेको छ भन्ने प्रश्नमा १२जना अथवा ४० प्रतिशतले गौरा पर्वमा स्थानीय भाषाको मात्र प्रयोग हुने हुनाले , १२ जना अथवा ४० प्रतिशतले देउडामा स्थानीय साहित्यक शब्दको प्रयोग हुनाले  र ६जना अथवा २० प्रतिशतले गौरा पर्वप्रति अन्य समुदायको पनि आकर्षण बढीरहेको जवाफ दिए ।

यसप्रकार गौरा पर्वमा स्थानीय भाषाको मात्र प्रयोग हुने , देउडा प्रतियोगितामा स्थानीय साहित्यको प्रयोग हुने  र अन्य समुदायका व्यक्ति समेत यस पर्वप्रति आकर्षित भइरहेका हुनाले यस पर्वको स्थानीय भाषाको प्रवर्द्धनमा महत्वपूर्ण प्रभाव रहेको देखियो ।

### ४.२.२.२ सहयोगी भावको विकास

सहभाव , सहअस्तित्व मानवीय गुण हुन् । मानिस सामाजिक प्राणी भएककाले पनि यस्ता गुणहरुको विशेष महत्व हुने गर्दछ । गौरा पर्वमा अपुग खाद्यान्न तथा पैसाको जोहो कसरी गर्नुहुन्छ भन्ने प्रश्नको जवाफ यस प्रकार पाइयो :

**तालिकानं. ७**

**सहयोगी भावको विकास**

| क्र. स. | सहभागिको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुनेले नहुनेलाई दिएर | ५ | १७.० |
| २ | ऋण लिएर वा पैचो लिएर | २१ | ६९.० |
| ३ | जस्तो छ त्यस्तै मनाउने  हो | ४ | १४.० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन २०७३)

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि अपुग खाद्यान्न वा पैसाको जोहो गर्ने व्यवस्थामा ५जना अथवा १७ प्रतिशतले हुनेले नहुनेलाई दिने,  २१ जना अथवा ६९प्रतिशतले ऋण लिएर वा पैंचो लिए र तथा ४जना अथवा १४ प्रतिशतले जस्तो छ त्यस्तै मनाउने हो भन्ने जवाफ दिएका छन् । यसप्रकार गौरा पर्वले सहयाग गर्ने भावनाको विकास, सहभावको विकासमा प्रत्यक्ष परोक्ष सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.२.२.३ सम्मान र स्नेह

आफूभन्दा ठूलोको सम्मान र आफूभन्दा सानोलाइ माया गर्नु असल नागरिकको परिचय हो । यही तथ्यको प्रयोगबाट सभ्य र सुसंस्कृत समाजको निर्माण हुन सक्छ । यसै सन्दर्भमा गौरा पर्वको प्रसाद ग्रहणको क्रममा कसले कसलाई अभिवादन भन्ने प्रश्नमा सहभागिहरुको दृष्टिकोण यसप्रकार पाइयो :

**तालिकानं. ८**

**सम्मान र स्नेह**

| क्र. स. | सहभागिको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सानाले ठूलोलाई | २८ | ९३.० |
| २ | जसले जसलाई गर्दा पनि हुन्छ | २ | ७.०० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन २०७३

गौरा पर्वको प्रसाद ग्रहण गर्दा २८ जना अथवा ९३ प्रतिशतले सानाले ठूलोलाई अभिवादन गर्ने कुरा बताए भने २ जना अथवा ७ प्रतिशतले मात्र जसले जसलाई गर्दा पनि हुन्छ भन्ने जवाफ दिए ।यसबाट यस पर्वले सानाले ठूलोलाई सम्मान गर्ने र ठूलोले सानोलाई स्नेह गर्न सिकाउनमा यस पर्वले सकारात्मक सन्देश सहितको प्रभाव पारेको देखिन्छ ।

### ४.२.२.४ मेलमिलापको सन्देश

गौरा पर्वको प्रसादको रुपमा रहेको विरुडालाई विभिन्न घरपरिवारहरु एक आपसमा आदानप्रदान गर्ने गर्दछन् । यसै सन्दर्भमा मनमुटाव भएका घरपरिवारहरु एक आपसमा विरुडा आदान प्रदान हुन्छ कि हुदैन भन्ने प्रश्नमा उत्तरदाताको प्रतिक्रिया यसप्रकार पाइयो

**तालिका नं. ९**

**विरुडाको आदानप्रदान**

| क्र. स. | सहभागिको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुन्छ | २६ | ८७.० |
| २ | हुँदैन | १ | ३.०० |
| ३ | तेस्रो व्यक्ति मार्फत हुन्छ | ३ | १०.० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

मनमुटावको अवस्थामा पनि एक आपसमा विरुडा साटासाट हुन्छ भनी २६ जना अर्थात् ८७ प्रतिशतले जवाफ दिए । साटासाट हुँदैन भनी १ जना अर्थात् ३ प्रतिशतले मात्र जवाफ दिए भने ३ जना अर्थात् १० प्रतिशतले तेस्रो व्यक्तिमार्फत साटासाट हुने प्रतिक्रिया दिए ।यसप्रकार द्वन्द व्यवस्थापन  र मनमुटाव न्यूनीकरणमा विरुडा आदान प्रदानको माध्यमबाट मेलमिलापको सन्देश स्थापित हुने देखियो ।

### ४.२.३ आर्थिक प्रभाव

पत्येक चाँडपर्व केही न केही खुशी र आनन्दसँग जोडिएको हुन्छ । यसले गर्दा आर्थिक पक्ष पनि सँगसँगै आउने गर्दछ । कसैका लागि आडम्बर देखाउने माध्यम हुन्छ भने कसैका लागि खर्च जुटाउन कठीन भएको हुन्छ ।

### ४.२.३.१रोजगारी अभिवृद्धि

स्थानीय समुदायको समुचित विकासका लागि स्थानीय उत्पादनले बजार पाउन र स्थानीय व्यक्तिले रोजगार पाउन आवश्यक हुन्छ । गौरा पर्वमा हुने आर्थिक क्रियाकलापहरुको बारेमा स्थानीयमा रहेको दृष्टिकोण यसप्रकार पाइयो :

**तालिका नं.१०**

**रोजगारी अभिवृद्धि**

| क.स. | सहभागीको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थानीय सामग्रीको प्रदर्शनी | ६ | २० |
| २ | स्थानीय सामग्रीको व्यापार | १४ | ४७ |
| ३ | अन्य व्यापार | १० | ३३ |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्वमा हुने आर्थिक क्रियाकलापको बारेमा सोधिएको जिज्ञासामा ६ जना अर्थात् २० प्रतिशतले स्थानीय सामग्रीको प्रदशनी, १४ जना अर्थात् ४७ प्रतिशत व्यक्तिहरुले सथानीय सामग्रीको व्यापार  १० जना अर्थात् ३३ प्रतिशत व्यक्तिहरुले अन्य व्यापार भनी उत्तर दिएका छन् । यसबाट पनि प्रष्ट हुन्छ, गौरा पर्वले  स्थानीयको रोजगार प्रवर्द्धन गरी जीवनस्तर सुधारमा महत्वपूर्ण प्रभाव रहेको देखिन्छ ।

### ४.२.३.२ आर्थिक भार

चाँडपर्वको आगमनसँगै त्यसलाई कसरी मनाउने तथा आर्थिक अवस्थाले भ्याउँछ कि भ्याउँदैन भन्ने विचार आउनु स्वभाविक हुन्छ । पर्वहरु कसैका लागि हर्स उल्लास रआनन्दले आउँछन् भने कसैलाई कसरी धान्ने भन्ने पीर । यस सम्बन्धमा गौरा पर्वको के कस्तो आर्थिक भार छ भन्ने प्रश्नबाट प्राप्त नतिजा यसप्रकार पाइयो:

**तालिका नं. ११**

**गौरा पर्वमा आर्थिक भार**

| क.स. | सहभागिको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै खर्चिलो छ | ३ | १० |
| २ | अलिअलि खर्चिलो छ | ६ | २० |
| ३ | जसरी भए पनि धान्नुपर्छ | २१ | ७० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन,२०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्वमा आर्थिक प्रभावका बारेमा सोधिएको जिज्ञासामा ३ जना अर्थात् १० प्रतिशतले धेरै खर्चिलो भएको बताएका छन्, ६ जना अर्थात् २० प्रतिशतले अलि अलि खर्चिलो भएको बताएका छन् भने २१ जना अर्थात् ७० प्रतिशतले जसरी भए पनि धान्नुपर्ने बताएका छन् ।

संस्कृतिसँग लवाइ खवाइ तथा रहन सहन पनि जोडिएको हुन्छ । गौरा पर्वका पनि आफनै परम्परा छन । गौरा पर्व मनाउदा कत्तिको खर्च हुन्छ वा गौरा पर्व खर्चिलो बन्दै गएको छ कि छैन भन्ने प्रश्न बढी जसोले छैन भन्ने उत्तर दिए । उनीहरुले भने पाठपूजा तथा परम्परा खर्चिलो छैन । वर्षमा एक चोटी नयाँ लूगा किन्ने हो, त्यो त त्यसै पनि किन्नु परि हाल्छ । बरु बालबालिका तथा महिलाहरुले नयाँ लूगा लगाउन पाउन, मिठो खान पाउँछन् । यसकारण खर्चिलो नभएको साधारण भएको उत्तर दिए । यसो उत्तर दिनेहरुमा सम्पन्न तथा हुनेखाने परिवारका रहेका छन ।

मध्यम परिवार तर युवाहरुले विगतको भन्दा खर्चिलो भएको तर धान्ने कठीन नभएको उत्तर दिए । बदलिदो समय अनुसार खर्चिलो भएको कुरा बताए । सबै कुरा पुरुषमा निर्भर हुने भएकाले चाहेजस्तो रुपमा मनाउन कठीनाई भएको बताए । तर निम्न आए

भएकाहरुे गौरा धान्ने नसकिने भएर महंगो हुदै गएको बताए । हुनेखानेले गौराको बेला महंगा लूगा तथा गरगहना लगाउने गरेको र महंगा आधुनिक खानाका परिकार खाने गरेकाले महंगो हुँदै गएको उत्तर दिए । उनीहरुले ऋण काँडेर मनाउनु पर्ने र अरुसित प्रतिस्प्रर्धा गर्नु पर्ने भएका कारण धान्न मुस्किल हुँदै गएको र गौरा हुनेखाने र सम्पन्न वर्गको पर्वको रुपमा परिणत हुँदै गएको उत्तर दिए । गौरा संस्कृति भन्दा पनि आडम्बर तथा शान देखाउने  पर्वको रुपमा विकास भएको छ ।

## ४.३ गौरा पर्व मनाउने प्रचलनहरु

प्रत्येक चाँडपर्वका आ-आफ्ना निश्चित विधि र प्रचलनहरु रहेका हुन्छन् । तथापि ती विधि र प्रचलनहरु समयअनुसार परिमार्जन भने भइरहेका हुन्छन् ।

### ४.३.१ परम्परागत प्रचलन

समाजका हरेक चाँडपर्वले आफ्नो परम्परगत मौलिकता बोकेको हुन्छ । जसबाट उक्त चाँडपर्व निर्देशित हुन्छ । गौरा पर्वको परम्परागत प्रचलनका बारेमा गरिएको प्रश्नबाट प्राप्त नतिजालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छः-

**तालिका नं. १२**

**परम्परागत प्रचलन**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुद्धिका लागि | १३ | ४३ |
| २ | परम्परादेखि चलेकाले | १० | ३३ |
| ३ | विवाहित भएको देखाउन | ७ | २४ |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि  ३० जना व्यक्तिहरु समक्ष गौरा पर्व मनाउनु के परम्परागत प्रचलन हो भनि सोधिएको जिज्ञासामा १३ जना अर्थात् ४३ प्रतिशतले शुद्धिका लागि, १० जना अर्थात् ३३ प्रतिशतले परम्परादेखि लगाउदै आएकाले र ७ जना अर्थात् २४ प्रतिशतले विवाहित भएको देखाउन भनि उत्तर दिएका छन् ।

गौरा पर्व किन मनाउनु हुन्छ भन्ने प्रश्नमा मिश्रित उत्तर आएको पाइयो । बाहुन समुदायका तर जेष्ठ नागरिकले गौरा सुद्धी तथा धार्मिक सुद्धताका लागि मनाउने गरेको बताए । उनीहरुले विवाह गरेपछि सुद्धीका लागि तथा पाठपूजा गर्नका लागि दुग्धागो लगाउने गरेको भन्ने उत्तर दिए । उनीहरुले दुग्धागोलाई सम्मान तथा प्रतिष्ठासँग जोडिएको पाइयो । दुग्धागो लगाएकालाई शुद्ध मान्ने र नलगाएकालाई अशुद्ध मान्ने भएका कारण आफू पनि अरु बराबर शुद्ध भएको देखाउनका लागि पनि दुग्धागो लगाउने गरेको पाइयो । अर्को कुरा उनीहरुले दुग्धागोलाई पार्वती प्रशादको रुपमा पनि लिएको बताए । भगवानको प्रशाद भएकोले यसलाई शुद्ध वा पवित्र भएको बताए ।

क्षेत्री समुदायका तथा भान्सा नखाने महिलाहरुले यसलाइ परम्पराको रुपमा मात्र हेरेको भटियो । उनीहरुले गौराको व्रत लिए पनि पाठपूजा नगरेको तथा दुग्धागोलाई समान्य रुपमा लिएको देखियो । उनीहरु आफ्ना सासु तथा साथीहरुले लगाएको कारण लगाएको वताए । पहिलेदेखि लगाइदै आएको छ । पुर्खाले माने चलन किन छाडनु भन्ने तर्क बलियो भेटियो ।

### ४.३.२ आधुनिक प्रचलन

समय परिवर्तनसंगै समाजका हरेक पक्षमा लवाइ खवाइ, रहनसहन, भेषभुषा, रीतिरिवाज मूल्यमान्यता र धारणामा पनि परिवर्तन आउनु स्वभाविक हो । गौरा पर्वको आधुनिक प्रचलनका सम्बन्धमा गरिएको प्रश्नबाट प्राप्त नतिजालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छः

**तालिकानं. १३**

**आधुनिक प्रचलन**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफन्तसँग भेट हुनु | १० | ३३ |
| २ | देउडा खेल्नु | ५ | १७ |
| ३ | सामाजिक सद्भाव कायम हुनु | १५ | ५० |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरापर्वको आधुनिक प्रचलनका बारेमा सोधिएको जिज्ञासामा १० जना अर्थात् ३३ प्रतिशतले आफन्तसंग भेट हुनु , ५ जना अर्थात् १७ प्रतिशतले देउडा खेल्न पाइने र १५ जना अर्थात ५० प्रतिशत व्यक्तिले सामाजिक सद्भाव कायम गराउने भनि उत्तर दिएका छन् ।

गौराको रमाइलो पक्षका बारेमा बढी सहभागीले गौराले रमाइलो भन्दा पनि समाजिक सदभाव बढाउने र समाजमा भातृत्वको भावना विकास गर्ने कुरामा जोड दिएको पाइन्छ । अरु बेला एक आपसमा झगडा भएका वा वैमनश्यता भएकाहरु पनि गौराको समयमा एक ठाउँमा आएर गौरा पर्वमा सहभागी हुने भएकाले अरु भन्दा पनि गौरा समाजिक एकताको पर्व भएको छ । यो पर्वमा जात वा अन्य कुनैको बाहानामा कसैलाई अलग राखिदैन । बरु सबैलाई सहभागी गराउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्छन् भन्ने उत्तर बलियो भेटियो ।

### ४.३.३ गौरा पर्व मनाउने तरिकाको समानता र पृथकता

गौरा पर्वको सुदूरपश्चिमी समाजको अभिन्न अंग हो । यो पर्व मनाउने समानता र पृथकता सम्बन्धमा बहस र चर्चा हुने गरेका छन् । तथापि समय परिवर्तनको गतिसँगै यसमा आइरहेका परिमार्जन र संशोधन भने निरन्तर भइरहेकाछन् ।गौरापर्व मनाउने तरीकाकोसमानता र पृथकता बारेका तर्क भने यसप्रकार पाइयो :

**तालिका नं. १४**

**गौरा पर्व मनाउने तरिकाको समानता र पृथकता**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परा हो, जोगाउनुपर्छ | १६ | ५३ |
| ३ | समयानुकूल परिवर्तन गरिनुपर्छ | १४ | ४७ |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्व मनाउने तरिकाका बारेमा सोधिएको जिज्ञासामा १६ जना अर्थात् ५३ प्रतिशतले परम्परा

भएकाले यसलाई जोगाउनुपर्ने र १४ जना अर्थात् ४७ प्रतिशतले समयानुकूल परिवर्तन हुनुपर्ने बताए।

बुढापाकाले गौरा मनाउने तरिका वा चलन जोगाउनुपर्ने बताए। उनीहरुको चिन्ता छ : परम्परा अनुसार त केही छैन। आधुनिक महिलाहरुले दुग्धागो लगाउन र व्रत लिन समेत छोडि सके। दुग्धागो लिए पनि भान्सा खाने तथा पूजा गर्न विर्सी सके। पहिला पहिला रातभरी डेउडा गाइन्थ्यो, त्यो पनि एक महिना पहिलेदेखि आजभोली दुइतीन दिन मात्र डेउडा खेल्छन्। युवाहरुको धारणा भने भिन्न छ। उनीहरुका अनुसार देउडाका विषय र प्रसंग सँधै उही रहन सक्दैनन्। निर्जला व्रत जस्ता कार्यले मानव स्वास्थ्यमा समेत नराम्रो असर गर्ने भएकाले यसमा परिवर्तन हुनुपर्दछ।

### ४.३.४ गौरा पर्वमा गीत गाइन्छ, गाइदैन ?

मानिस सामाजिक प्रणी भएकाले उसले आफ्नो पीडा, अनुभव, भोगाइ, आनन्द, खुशी व्यक्त गर्न समाजमा भेला हुने र रमाइलो गर्न गीत संगीतको माध्यम प्रयोग गर्न सक्छ। गौरापर्वमा गाइने गीतहरुका बारेमा गरिएका प्रश्नबाट प्राप्त नतिजालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छः

**तालिकानं. १५**

**गौरा पर्वमा गीत**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाइन्छ | १६ | ५३ |
| २ | गाइदैन | ३ | १० |
| ३ | कम हुँदै गइरहेको छ | ११ | ३७ |
| जम्मा | | ३० | १०० |

(स्रोतस्थलगत अध्ययन २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्वमा गाइने गीतहरुका बारेमा सोधिएको जिज्ञासामा १६ जना अर्थात् ५३ प्रतिशतले गाइन्छ, ३ जना अर्थात् १० प्रतिशतले गाइदैन र ११ जना अर्थात् ३७ प्रतिशतले कम हुँदै गइरहेको छ भन्ने जवाफ दिएका छन्। यसबाट के प्रष्ट हुन्छ भने परम्परादेखि गाउँदै आएका गीतहरु जस्ताको त्यस्तै गाइन्छ भन्नेमा बुढापाकाहरु छन। उनीहरुले गाउने फाग

तथा धुमारी परम्परागत रुपमा गाउदै आएकाले परिवर्तन नभएका तर्क गरेको पाइयो । पहिले फाग तथा सगुन, चैत बढी गाइन्थ्यो आजभोली डेउडा गीतहरु मात्र गाइन्छ । अर्को कुरा पहिले सुख दुखका कुराहरु हुन्थे, आजभोली मायाप्रितिका मात्र गीत गाउने गरिन्छ ।

**४.३.५ देउडा खेल किन ?**

गौरापर्वमा देउडा खेल यस पर्वको मुख्य आकर्षण हो । यसलाई गौरा पर्वको मुख्य विशेषताको रुपमा पनि लिइन्छ । यो खेल परम्परादेखि चलिआएको हो तापनी यसमा युवा पुस्ताको आकर्षण बर्षैपिच्छे बढ्दो क्रममा रहेको छ । देउडा खेल किन ? भनी गरिएको प्रश्नबाट प्राप्त नतिजालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छ

**तालिकानं. १६**

**देउडा खेल किन ?**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आत्मियता साटासाट गर्न | ७ | २३ |
| २ | परम्परा हो | १६ | ५४ |
| ३ | मित्रतालाई बलियो बनाउन | ७ | २३ |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०७३)

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थानीय ३० जना व्यक्तिहरु समक्ष देउडा खेलको मुख्य भावका बारेमा सोधिएको जिज्ञासामा ७ जना अर्थात् २३ प्रतिशतले आत्मियता साटासाट गर्न, १६ जना अर्थात् ५४ प्रतिशतले परम्परा भएको र बाँकी ७ जना अर्थात २३ प्रतिशतले मित्रतालाई बलियो बनाउन भनि जवाफ दिएका छन् ।

गौरामा मात्र नभएर अन्य पर्वमा पनि सुदूरपश्चिममा डेउडा मुख्य नाचिने खेल हो । डेउडा खेलका बारेमा ५४ प्रतिशतले परम्परा हो भन्ने उत्तर दिए । उनीहरुले पहिलादेख चल्दै आएकोले खेल खेल्ने गरेको बताए । यसमा नपढेका तथा पाकाहरु रहेका छन । उनीहरुले पहिलेदेखि गौरामा डेउडा खेलिन्थ्यो । त्यसकै निरन्तरताका लागि खेल्ने गरेको बताए । र उनीहरुले गौरामा डेउडा नखेले गौराको औचित्य नहुने भएकाले गौरामा डेउडा अनिवार्य  हो भन्ने उत्तर दिए ।

मित्रता र आत्मियताका लागि भन्ने प्रश्नमा बराबरी नै उत्तर आए । उनीहरुले एक आपसमा अंगालो मारेर सुखदुखका कुरा गर्नु भनेकै आत्मीयता तथा मित्रता साटासाट गर्नु हो । यसले एक अर्कामा भएको बैमनश्यता तथा कटुतालाई हटाउदछ । गोलोमा एकअर्कामा कुम जोडेर खेल्नु भनेको हामी एक हौ भन्नु हो । यसले समाजिक एकताको सन्देश दिन्छ । डेउडा मनोरञ्जन भन्दा पनि आपसमा भाइचारा तथा आत्मीयता बढाउनमा सहयोगी बन्ने गरेको कुरा बताए । अर्कोतिर युवाहरुमा मायाप्रितिका कुराहरु गतिबाट साटासाट हुने भएकाले डेउडाको महत्व बढी रहेको छ । कसै कसैको डेउडा खेलबाट नै विवाह हुने तथा घरबार जोडिने भएकाले गौराले मित्रता बढाउने काम गरेका सबै उत्तरदाताको भनाइ रह्यो ।

### ४.३.६ गौरा पर्व मनाउने अवधि

गौरा पर्व भाद्र शुक्ल पञ्चमीदेखि शुरु हुन्छ तर यसको विसर्जन गर्ने दिनमा भने एकरुपता छैन । ठाउँअनुसार, परिस्थितिअनुसार यसमा पृथकता हुन्छ । गौरापर्व मनाउने अवधिको बारेमा गरिएको  प्रश्नबाट प्राप्त नतिजालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छ:

**तालिका नं.१७**

**गौरा पर्व मनाउने अवधि**

| क.स. | सहभागिको राय | सहभागिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दुई दिन | ५ | १७ |
| २ | तीन दिन | २० | ६६ |
| ३ | एकरुपता नभएको | ५ | १७ |
| जम्मा | | ३० | १०० |

(स्रोत : स्थलगत अध्ययन,२०७३)

माथिको तालिका र बाट यो स्पष्ट हुन्छ कि  स्थानीय ३० जना व्यक्तिहरु समक्ष गौरा पर्व मनाउने अवधिका बारेमा सोधिएको जिज्ञासामा ५ जना अर्थात् १७ प्रतिशत व्यक्तिले दुई दिनसम्ममात्र मनाउने गरेको बताए, यसै गरी २० जना अर्थात् ६६ प्रतिशत व्यक्तिले तीन दिनसम्म मनाउने गरेको र बाकि ५ जना अर्थात १७ प्रतिशत मानिसले एकरुपता नभएको भनि जवाफ दिएका छन् ।

गौरा ल्याउने दिन तथा तिथि एउटै भए पनि कति दिनसम्म मनाउन भन्ने फरक फरक पाइयो । अधिकांश सहभागीले पहिलो दिन गौरा ल्याउने, अर्को दिन अठवाली गाउने र अन्तिम दिन गौरालाई सेलाउने भएकाले खास गरी गौरा तीनसम्म मात्र मनाइने गरिन्छ भन्ने उत्तर दिए । तर केही सहभागीले स्पष्ट उत्तर दिएनन् । उनीहरुले कहिले तीन दिन त कहिले पाँच अनि कहिले सात दिनसम्म मनाउने गरेको उत्तर दिए । यो कति दिनसम्म डेउडा खेलिने वा रमाइलो गर्ने भन्नेमा भर पर्ने उत्तर दिए ।

## ४.४ गौरापर्वकोबारेमा रहेका लोक श्रुति, भनाइ र मान्यता

गौरा पर्वका बारेमा भएका मूल्य मान्यता , विधि र प्रचलनहरुमा एकरुपता पाइएन । विभिन्न विज्ञ र जानकारहरुसँग गरिएको प्रश्नको आधारमा निम्न चारवटा भनाइहरु रहेका भेटिए :

### ४.४.१ पहिलो भनाइ

सुदूर पश्चिममा बहुसंख्यक मानिसले बोल्ने तथा गौरापर्वको माध्यम भाषाका रुपमा रहेको डोटेली भाषा र साहित्यको विकासमा अग्रणी भूमिका खेल्दै आएको संस्था “महाकाली साहित्य संगम” का सदस्य, साहित्यकार तथा समाजसेवी ३८ वर्षीयबंशीधर जोशी पेशाले शिक्षक हुन् । उनका अनुसार

गौरापर्व सुदूर पश्चिममा मनाइने चाडपर्वहरु मध्ये प्रमुख पर्व हो । यसलाई सुदूरपश्चिमको दशै पनि भन्ने गरिन्छ । यो हिन्दु धर्ममा आधारित महिलाहरुले मनाउने पर्वको रुपमा परिचित छ । यो पर्व कसरी, कहाँ र कहिलेदेखि शुरु भयो भन्ने कुरा एकिन रुपमा भन्न कठिन छ । र, यसको बारेमा कतैकहीं तथ्य पनि फेला परेको छैन । यसलाई धार्मिक तथा सांस्कृतिक पर्वको रुपमा मात्र हेरिने गरे यो पर्वसित समाजिक विविध आयमहरु रहेका छन् । गौरा पर्वको बारेमा यस क्षेत्रमा विभिन्न पुराण तथा स्थानीय तहमा कथनहरु भेटिन्छन् ।

नेपाली तथा आधुनिक बोलीचालीको भाषामा गौरा भनिए पनि वास्तविक रुपमा यसको नाम ‘गोराः’ हो । जसको अर्थ गौरी भन्ने हुन्छ । गोराको अपभ्रंस भएर अहिले गौरा शब्द प्रचलन तथा बोलीचालीको भाषाको रुपमा प्रयोग हुँदै आएको छ । सुदूरपश्चिममा गोरा भनिए पनि काठमाडौं लगायतका क्षेत्रमा सजिलोको लागि गौरा भनिएको पाइएको छ ।

समय अनुसार सुदूरपश्चिमका मानिसहरु अरु क्षेत्रमा बसाइ सराइका कारण गोरा समयानुसार गौरा भएको हो ।

परापूर्वकालमा पार्वतीले कठोर तपश्या पश्चात् शिवलाई पतिको रुपमा प्राप्त गरेको पौराणिक कथन अनुसार गौरापर्वमा उनै शिव र पार्वतीको पूजा आराधना गरिने धार्मिक परम्परा रहेको बताइन्छ । गौराको पूजा गर्दा मनोकाङ्क्षा पूरा हुने, पारिवारिक सुख र सौभाग्य प्राप्त हुने धार्मिक विश्वास सुदूरपश्चिमेली समाजमा रहेको छ । गौराको पूजा सकिएपछि बाजागाजा सहित नाचगान, देउडा, चैत हुड्केउली तथा धमारी लगायतका खेल खेलिने गरिन्छ । सुदूरपश्चिमको अछाम, बझाङ, बाजुरा, डोटी डडेल्धुरा दार्चला, बैतडी, कैलाली कञ्चनपुरका साथसाथै मध्यपश्चिमका पहाडी भेगमा पनि गौरा मनाइने गरेको पाइन्छ । गौरालाई पूर्णिमाको दिनसम्म सेलाई (विसर्जन) गरि सक्नुपर्ने शास्त्रीय मान्यता रहेको छ ।

सुदूरपश्चिमा सांस्कृतिक रुपमा धनी रहेको छ । जसलाई स्थानीय भाषामा गोरा पनि भनिन्छ । सुदूरपश्चिमेलीहरुमा एकतालाई कायम गर्न गौरा पर्वको महत्व छ । सांस्कृतिक रुपमा मात्र नभई समाजिक एकता कायम राख्न र भावनात्मक सद्भाव कायम राख्न गौरा पर्वले सेतुको रुपमा काम गरेको पाइन्छ । यस क्षेत्रका बासिन्दा जहाँ बसेका भएपनि धुमधामसँग मनाइने गौरा पर्वले यहाँका बासिन्दालाई एकसुत्रमा बाँध्ने काम गरेको छ । यसले उनीहरूमा ल्याएको एकताको भावनाको अध्ययन यस प्रस्तावित प्रस्तावमा अध्ययनमा गरिने छ ।

गौराको समयमाकैलाशपतिकी अर्धाङ्गीनि एवम् हिमालयकी पुत्री पार्वती माइत आउँछिन भन्ने बलियो जन विश्वास छ । वास्तवमा हाम्रो देश सीता र पार्वतीको माइती देश पनि हो ।

प्राचीन हैह्यवंशी राजामध्येका सहस्त्रार्जनले भृगुवंशी ब्राह्मणहरुबाट आफ्नो धन फिर्ता माग्ने क्रममा ब्राह्मणहरु मारिदिएपछि विधवा भएकी ब्राह्मणीहरुले आफ्नो सतित्व रक्षार्थ निराहार रही गरेका उपासनाको फलस्वरुप एक ब्राह्मणीले तेजिलो पुत्र लाभ गरेपछि सोही पुत्रको तेजले अन्धा हुन पुगेका सहस्त्रार्जन नाम गरेका ती राजाले माफी माग्नु परेकाले गौरीलाई सर्वसक्तिमान सम्झी उनकै सम्झनामा यो पर्व मनाउन थालिएको भन्ने

भनाइ समेत छ । यसकारण गौरा पर्व मनाउनका लागि विवाहित चेली माइतीघर आउने गर्दछन । र, गौरा भित्र्याउने काम अविवाहित चेलीले गर्दछन् ।

### ४.४.२ दोस्रो भनाइ

गौरा पर्वका जानकार, ज्यातिष तथा लामो समयदेखि यस पर्वका पुजारीका रुपमा काम गरेका अनुभवी व्यक्तित्व रभारतको इलाहावाद विश्वविद्यालयबाट साहित्यरत्न उपाधिप्राप्त ७३ बर्षीय छविराज उप्रेती डडेल्धुरा जिल्ला नवदुर्गा गाउँ निवासी हुन् । उनका अनुसारगौरा पर्वसुदूरपश्चिमाञ्चलका ९ ओटै जिल्लामा तथा मध्यपश्चिमाञ्चलका जुम्ला, हुम्ला, सुर्खेत, बाँकेलगायतका जिल्लाहरूमा भाद्र महिनाको शुक्ल पक्षको पञ्चमीदेखि शुरू भई कम्तीमा अष्टमीसम्म मनाइने एक धार्मिक महत्व बोकेको पर्व हो । यो पर्व हिन्दू धर्मसँग सम्बन्धित छ । यो पर्वलाई हिन्दू धर्मावलम्बीहरुले मात्र मनाउने गरेको पाइन्छ । यस पर्वलाई विशेष गरी सुदूरपश्चिमाञ्चलमा धार्मिक, सांस्कृतिक तथा समाजिक एकताको रूपमा लिइने गरेको पाइन्छ । जिल्ला तथा गाउँ अनुसार पर्व मनाउने विधि एउटै भए पनि स्थानीय भाषा तथा संस्कृतिअनुसार प्रक्रिया भने फरक-फरक रहेको पाइन्छ । जस्तै, कुनै ठाउँमा तीन दिनसम्म मात्र गौरा पर्व मनाइन्छ भने कुनै ठाउँमा पाँच र कुनै ठाउँमा सात/सात दिनसम्म पनि गौरा पर्व मनाउने गरिन्छ । कुनैमा बढी र कुनैमा कम दिन लाग्ने भए तापनि पाठपूजा र विधि भने एउटै हुन्छ । सबै ठाउँमा विरुणा पञ्चमीमा भिजाइन्छ भने गौरा सप्तमीमा भित्र्याइन्छ । गौरा ल्याउने दिन एकै भए पनि सेलाउने दिन भने फरक फरक हुन्छ । प्राय बाहुन समुदायका महिलाहरुले तीन दिनसम्म मनाउने गरे पनि क्षेत्री तथा बैश्य समुदायका महिलाहरुले पाँच वा सात दिन मनाउने गर्दछन् । गौरा बेजोर दिनसम्म मनाउने गरिन्छ ।

गौरा भित्र्याउने घरलाई 'गोरा घर' र गौरा मनाउने ठाउँलाई 'गोरे खलो' भनिन्छ । प्रत्येक गाउँमा एउटा अलग गोरे घर हुन्छ । गोरे घर पवित्र धर्मिक स्थान जस्तै मान्ने गरिन्छ । गौराको दिन चाहिने तयारी सबै गौरा घरका मालिकले गर्नुपर्छ । गौरा पर्व प्रत्येक वर्ष भाद्र पञ्चमीदेखि शुरू भई अष्ठमीपछि कुनैपनि दिन समाप्त गर्न सकिने प्रचलन रहेको छ । यद्यपि यस पर्वको समाप्तिको समयबाहुन समुदायले निर्धारण गर्ने गरिएको पाइन्छ । भाद्र शुक्ल पक्षमा गौरापर्व पऱ्यो भने "उज्याली गौरा" भन्ने प्रचलन रहेको छ भने कृष्ण पक्षमा पऱ्यो भने "अन्यारी गौरा" भन्ने प्रचलन रहँदै आएको पाइन्छ ।यसक्षेत्रको चलन अनुसार विवाहभन्दा पहिले तथा केटी (मुलाई) मान्छेले दुग्धागो (सात वटा रंगका धागा)

लगाउन नहुने र विवाहपछि मात्रै लगाउनुपर्ने पाइयो । अहिले सातओटा रंग नभएपनि दुग्धागो लगाउने चलन पाइएको छ । दुग्धागो पहिलो पटक “उज्याली गौरा” तथा शुक्ल पक्षमा गौरा पऱ्यो भने मात्र लगाउन पाइने तथा कृष्ण पक्षमा पऱ्यो भने लगाउन नहुने र एक पटक लगाई सकेपछि प्रत्येक वर्ष लगाउनु नै पर्ने चलन रहेको छ ।

सातरंगको धागो अथवा दुग्धागो विवाहित महिलाले मात्रै लगाउनुको कारण अविवाहित भए पनि पाकोपन देखाउन तथा विवाहित र अविवाहित महिलालाई छुट्याउनका लागि हुनसक्ने देखिन्छ । धार्मिक आस्थाअनुसार विवाहित महिलाले शौभाग्यवतीको प्रतीकको रुपमा विभिन्न रंगलाई विभिन्न देवताको प्रतीकको रुपमा लगाउने गरिन्छ ।

अर्थात् यसले विवाहित भएको र घर परिवारको लागि स्वीकार्य भएको जनाउँदछ । दुग्धागो लगाएपछि शुद्ध हुने र उसले पकाएको खाने भएकाले उ अरु परिवार जस्तै जिम्मेवार तथा परिपक्व भएको मानिन्छ । जस्तै कालो रंगलाई महाकालीको प्रतीकको रुपमा, रातो रंगलाई लक्ष्मीको प्रतीकको रुपमा, सेतो रंगलाई सरस्वतीको प्रतीकको रुपमा लिइन्छ ।

गौराको सुरुआती चतुर्थीको दिनबाट सुरु हुन्छ । पहिलो दिन अर्थात् चतुर्थीको दिन बिरुडा तयार पार्ने तथा यसलाई राम्ररी केलाउने काम गरिन्छ । गौराको घरको साथसाथै व्रतालुहरुले आफू शुद्ध भएर चतुर्थीको दिन गौराको प्रसादको रुपमा विरुडा केलाउने गरिन्छ । महिलाहरुले शुद्ध पवित्र भएर चतुर्दशीको दिन गौराको प्रसादको रुपमा मानिने विरुडाको लागि केराउ, गुराँस, मकै, चना, तिल, सिमी, गहत, भटमास, मासमध्ये स्थानविषेशका आधारमा पाचवटा अन्न छनोट गरी केलाइन्छ । यसरी केलाइएको पञ्च अन्नलाई विरुडा भन्ने प्रचलन रहेको छ । अन्न भिजाएपछि तीन दिनसम्म विरुवा उम्रने भएकाले यसलाई विरुडा भनिन्छ । विरुवाको पहिलो चरण भएकाले भिजाएको अन्न टुसाएको कारण यसलाई बिरुडा भन्ने गरिएको हो । चतुर्थीको दिन केलाइएको अन्नलाई पञ्चमीको दिन ठूलो तामाको भाँडोमा राखेर भिजाइन्छ । भिजाइएको विरुडालाई शिव पार्वतीको (गौरा महेश्वरको) प्रसादको रुपमा खाने गरिन्छ । यिनै विरुडालाई गौरा महेश्वरको पूजा गर्दा अक्षताको रुपमा प्रयोग गरिन्छ ।

### ४.४.३ तेस्रो भनाइ

अध्ययन क्षेत्रका उत्तरदाता ४७ बर्षीय निर्मलादेवी भट्टका अनुसार गौरापर्वको सुरुआत अर्थात प्रारम्भ पञ्चमीको दिनबाट हुने गर्दछ । गौरामा पञ्चमीको दिन विरुडा

भिजाउने गर्दछन् । त्यस दिनलाई विरुडा पञ्चमी पनि भनिन्छ । विरुडा भन्नाले पाँचवटा अन्नहरुको मिश्रण (केराउ, गुरास, मास, गहत र गहुँ) हो ।विरुडा भिजाउँदा साँझपख सफा सुग्घर भइभोको पेटमा नुहाई घर सफा गरेर गाईको गोवरले पोती कसैले नछुने गरी एउटा अलग्गै कोठामा पूजा गरी राखेको पाइन्छ । त्यसको भोलीपल्टको दिनलाई विरुडा धुने दिन भनिन्छ । जसमा एउटा निश्चित गरिएको पँधेरो  हुन्छ । त्यहाँ सबै महिलाहरु भेला भई पँधेरोमा आआफ्नो विरुडा धुदैं सगुन (भक्ति गीत वा कुनै पनि शुभकार्यमा गाइने गीत) गाउने गर्छन् । उदाहरणका लागि विरुडा धुन गएकी महिलाले यसरी गाउने गर्दछन ।

विरुडालाइ शिरमा राखि दिइने आशिवर्चन पनि सुनि हालौ ।

होइ रयेइ,पलुइ रयेइ, गुबा जसो फलेइ, दुबा जसो फैलि रयेइ ।

पन्युकि चन्नरमा जसो, सरकका तारा जसो होइ रयेइ ।

हिमान्जल हिउ छन्ज्या, गङड्ा ठाट पानी छन्ज्या

मट्टिखण्ण माटो छन्ज्या बाची रयेइ ।

केलाकि थुमडि जसो रोकिइ रयेइ,

पोडाइनका झाल जसो झालताल भएइ ।

सर्ग जति उच्चो धर्ति जसो बिथरो भएइ ।

सात बैनी भगबती चारधाम केदार फलि बसौन ।

देबी देवता फलि बसौन, गौराको बिरुडा फलि रहउ....आदि आदि ।

जसको अर्थ हुन्छ, तिमी हिमालको हिउ रहुन्जेल, पानी रहुन्जेल, बाची राख्नु । अकास भन्दा पनि उचो, धर्ती भन्दा पनि फराकिलो हुनु, देवीका सातै ओटै देवीले बास गरुनु । पूर्णिमाको जुन जस्तै उज्यालो हुनु दुबो जस्तै फैलिनु गौरोको विरुडा फलिफाप होस । स्वर्ग जति अग्लो र धर्ती जति फराकिलो हुनु  भनेर पुज्ने गर्दछन ।

बस्तुतः “लोक” शब्द संस्कृत धातु “लोक्” बाट आएको हो । यसको अर्थ हेर्न या प्रत्यक्ष ज्ञान प्राप्त गर्न हो । आँखा खोल्नासाथ सर्वसाधारणको दुनिया देखिन्छ । त्यहि नै लोक हो । पृथ्वीमा मनुष्यको समूहलाइ मात्र लोक भनिन्छ । संसारले लोक शब्दलाइ स्थुल अर्थमा लिए पनि चिन्तक बिचारकहरुले गरेको परिकल्पनाले तीन लोकको सृजना गरेको

छ । धर्मग्रन्थहरुमा त अझ चौध लोकको कुरा पनि आउछ । यो चौध लोकमा सात लोक पृथ्वी भन्दा माथि ( भू, भुबुर स्वर, महरजन, तप र ब्रह्मलोक ) र सात पृथ्वी भन्दा तल ( अतल, बितल, सतल, रसातल, तलातल, महातल र पाताल ) छन भन्ने मानिएको छ । लोकलाई दुइ तरिकाले हर्न सकिन्छ । पहिलो लोक भने धर्ती वा कुनै निश्चित क्षेत्रलाई जनाउँदछ । अर्को लोक भन्नाले आमआदिम वा मानिसलाई जनाउदछ । लोकले भूगोल वा मानिस दुबैलाई जनाउने भएकाले यसको अर्थ परिस्थिति तथा आवश्यकता अनुसार प्रयोग गर्ने गरिएको पाइएको छ ।

जहासम्म संस्कृतिको कुरा छ, यो मानिसको संस्कारसँग जोडिएको हुन्छ । संस्कार या संस्कृति समय अनुसार परिबर्तनशील हुन्छ । यसलाई समयसंग जोडनु ठिक हुदैन, किनकि संस्कृतिसंगै परम्पराको स्वतः संस्मरण हुन्छ । लोकमा श्रम संस्कृतिको प्रधानता हुन्छ । प्रत्यक्ष सम्पर्कमा आउने श्रमको बिबशता, दैनिन्दिनिको कार्यप्रणाली र कलाको रञ्जकता नै लोक संस्कृतिका अंग हुन् । यस्तैमा उनिएका बिशिष्ट अबसरहरु लोक पर्व भए, शैलीलाइ लोकाचार भनियो । विरुडा भिजाएर पुजा आजा गरिने, गौरी (महेश्वर आगमनको दिन मानिने, महिलाहरुले दग्धागो लगाउने, लोक देवताहरुको पुजापाठ गरिने र महिलाहरुको बिशेष सहभागिता रहने यो पर्वमा आफनै बिशेषता हुन । पूजा गर्दा फाग उत्सब पर्वमा गाइने मंगल गीतमा गौराले आफनो परिचय स्वयम यसरी दिन्छिन । यसलाई लोकाचार तथा संस्कृति भनियो । यो नै गोरा मान्न वा मनाउने संस्कृति बन्दै आएको छ । समय अनुसार विगतको र अहिलेको चलन परिवर्तन हुँदै आइरहेको छ । समय तथा आधुनिक विकासले यसलाई परिवर्तन गर्दै आइ रहेको छ । र, समाजले स्वीकार गर्दै आइरहेकोछ । गौरा ल्याउँदा वा मनाउने आफनै तरिका छन् । त्यस अवधिमा गाउने फाग, सगुन तथा डेउणा गीत गाइन्छ । उदाहरणका चेलीहरुले यसरी  सगुन गाउने गर्दछन ।

का रे उब्जिन लोली गमरा,

धर्ति लोक उब्जिन, मन्तालोक पुजिन......आदि आदि ।

पञ्चमीको पर्सी पल्ट अथवा सप्तमीको दिन गौरा ल्याउने भनिन्छ । गौरा विभिन्न ( सौ, तिल, दुवो, कुश र कुर्जो) पाँच प्रकारका विरुवाहरुलाई रेशमी कपडाले बेरेर गौराको मूर्ती बनाइन्छ । यो कार्य खास गरी अविवाहित कन्या (केटी) हरुले गर्दछन् ।

गौराको स्तुप निमार्ण गरिसकेपछि उक्त स्तुपलाई लुकाएर राख्ने चलन छ ।गौरा खेल्ने ठाउँमा सबै जना भेला भई रातभरी जाग्राम बसेका पाइन्छन् । रात कटाउनको निमित्त त्यहाँ उपस्थित ब्रतालु महिलाहरुले विभिन्न देवी देवताको कथा वाचन गर्ने तथा सगुन गीत गाउने आदि कार्य गरेको पाइन्छ । त्यसपछिको दिन लुकाएको गौराको मूर्ति ल्याइन्छ र उक्त मूर्तिको चारैतिर दुग्धागो बाँधिन्छ र ब्रतालु महिलाहरुले पालै पालो गरी गौराको मूर्तिलाई टाउकोमा राखेर अष्टमीको दिन विभिन्न सगुन, फाग, आदी गाउँदै अठ्यावाली मनाउने गरेको पाइन्छ । गौरा ल्याउदा यसरी फाग गाउने गर्दछन ।

कहा उब्जी गया महेश्वर गुंसाई कहां उब्जी लोली गमरा ।

शिखर धुरा सुनका सिहांसन महेश्वर उब्याउन

धान खेत सौं खेत लोली रे उव्जी ।

गंगा धर नौलीपार लोली रे उब्जी

चुखै भाडी दाडीमको भाडी लोली रे उब्जी

फूलकी भाडी करुजो भाडी लोली रे उब्जी ।

जसको अर्थ, कहा उब्जी गौरा भन्दा शिव जीको डाडोमा उब्जी धान खेत, नदीमा अर्थात फूलको बगैचामा उब्ज्यो भन्ने हुन्छ । यी पंक्ति गौरा देवीका मंगल गीत अर्थहुन्छ महेश्वर अर्थात शिवजी र गौरा पार्वती अर्थात लोली गमराको उत्पत्ति कहाँबाट भयो शिखरमा सुनका सिहांसनमा महेश्वरको उत्पत्ति भयो । हरियो धानको खेत कुवा नदी तथा विभिन्न फलफूलका बृक्षबाट माता गौरीको उत्पत्ति भयो ।

गौराकै अबसरमा सांस्कृतिक गायन र बादनका अनन्त शृङ्खलाहरु छन । यी गायनहरुमा पट्यारलाग्दो शास्त्रीयता छैन । यिनमा अत्यन्त स्वभाविक र नैसर्गिक प्रबाह छ । नृत्य सम्बन्धमा स्पष्ट विधि नदेखिए पनि समुह गायनलाइ खेल खेल्ने भनिन्छ । बृताकार अर्धवृताकार घेरामा दुइ समूह बनाइ खेल खेलिन्छ ।

गायनका बिषयबस्तुमा अत्यन्त व्यापकता छ । दोहरी गीत वा डेउडा ( देवदा अर्थात देवतामा समर्पित या देव (राग अर्थात देवताको संगित) गीतमा मात्रै यो सिमित छैन । शास्त्रीयतामा आधारित लोक गीत र गीति कथाहरु, धार्मिक र ऐतिहासिक गीत गाथाहरु, परिशब्दात्मक दोहरी गीतहरु प्रमुख रुपले गाइन्छन । गिदारु (आशु लोककवि )

हरुले दोहरी गीतको माध्यमबाट तत्काल जस्ताको त्यस्तै चित्रण गरी यस पर्वलाई अझ जिबन्त बनाई राखेका हुन्छन ।

गौरोत्सबको गायन र नृत्य बिधानमा खास बिशिष्टता छन । एउटा कण्ठ वा कण्ठ समुहबाट अर्क कण्ठ वा कण्ठ समूहमा गायन बिस्तारको कम निरन्तर चलिरहदा पनि स्वर र आबेगको परस्पर सम्बन्ध बनी रहन्छ । संगितका समस्त बन्धनहरु स्वभाविक मनोबेग अनुकुल खोल्न र बाँध्न सकिने हुन्छन् । लयपुर्णपदयोजनाको निम्ति कुनै कुनै गायनमा भइरहने लालित्यपुर्ण शब्दको आबृति सार्है कर्णप्रीय लाग्दछ । नृत्य बिधान भने गितको भाव अनुसार अलग अलग हुने गर्दछ । मन्द मन्थर गतिमा खुट्टाको ताल मिलाउदै पुनः पुनः पहिलो गतिमा फर्कनुलाइ ठाडो खेल भनिन्छ ।

प्रायः अठार बर्णको प्रयोग हुने ठाडो गतिको खेललाइ ढुस्को भनिन्छ । कटु बार्तालाप वा बिरतापूर्ण प्रसंगमा इन्द्र बज्रा छन्दसंग सामप्यता राख्ने एघार बर्णको गायनसंगै धुमारी खेलिन्छ । सर्वाधिक गीत पूर्णनृत्यलाइ चाल्ली भनिन्छ ।

पौराणिक व्याख्यानहरुले स्थानीयरुप लिएर यहाका धार्मिक लोक गाथा बनेका छन । लोक कविहरु दुरुह शास्त्रीयतामा सरल स्थानीयता भर्दछन । स्थानीय बीर (पाईक ) हरुका गाथा र लोक जिबनले व्यहोरेका आपत बिपतका घटना समेत गायनका बिषय बस्तु हुन सक्दछन । स्थानीय डोटेली फौजले हाल भारतको चम्पावतमा पर्ने किल्लामा आक्रमण गर्दाको बर्णन यसरी गरिएको छ ।

चम्पा रे वति दर रे वार बासलीघुगुत...कठै बासट्टी घुगुत ।

चम्पा रे वति घेरी रे हाट्टी फूलकि जुगुत...कठै फूलकि जुगुत ।

जसको अर्थ हुन्छ । चम्पावतीको दरबारमा अपसगुन बोल्ने चरा घुगुत बास्न थाल्यो । चम्पावतीको दरबार फुल जस्तै घेरामा परेको छ ।

अष्टमीको दिन तथा अठ्यावालीको समापनमा सबैले उक्त मूर्तिमा रहेको आफ्नो-आफ्नो नयाँ दुग्धागो लगाउँछन र पुरानो त्यही गौराको मूर्तिमा बाँधिदिन्छन् (जुन गौरा विसर्जनका दिन पुरानो दुग्धागो पनि विसर्जन गरेको पाइन्छ) । विभिन्न प्रकारका फलफूलहरु र बिरुडा तथा पाँच थरीका गेडागुडी एउटा ठूलो रुमालमा जम्मा गरी फलफट्काइन्छ (आकाशतिर वा माथितिर) । फलफट्काउँदा दुई जनाले कपडाको दुवै छेउमा समातेर आकाशतिर फाल्छन् र यसरी फालिएका फलहरु तल नखस्दै समातेमा राम्रो

हुन्छ भन्ने जनमानसमा विश्वास रहेको छ । महिलाहरुले विरुडाहरु बाँडेर आफ्ना परिवारका सदस्यहरुको टाउकोमा पूजा गरी दीर्घायुको कामना गरेको पाइन्छ । त्यसपछि महिलाहरुले धार्मिक पूजा समाप्त गरेको देखिन्छ । पूजापछि अर्को स्थान तथा अर्को खलोमा पुरुषहरु, केटाकेटीहरु अलग–अलग ठाउँमा खेल खेल्ने गरेको पाइन्छ जसलाई देउडा खेल ( एकले अर्काको हात समाती एउटै चालमा प्रश्नोत्तर शैलीमा घुम्ने खेल) भनिन्छ ।

अष्टमीको भोलिपल्टदेखि पुरुषहरुको खेल (गोलाकार भएर धार्मिक स्तुति गाउँदै घुम्ने खेल) शुरु हुन्छ । यस्तो खेल पनि दिउँसो मात्रै खेलिन्छ र साँझ परेपछि फेरि सधैं झैं देउडा खेलेको देखिन्छ । यस्तो कार्य तबसम्म चलिरहन्छ जबसम्म गौरा समाप्त हुँदैन । गौरा समापनका लागि शुभ साइत हेरेर एउटा निश्चित स्थानमा ब्राम्हमणको सल्लाह अनुसार समापन गर्ने गरेको पाइन्छ ।

गौराको अन्तिम दिनमा ब्रत बसी माहिलाले गौरा र महेश्वरको मूर्तिलाई टाउकोमा बोकेर नजिकको मन्दिरमा लग्ने गरिन्छ । सबैतिरबाट ल्याएको गौरा मिलाएर एउटै बनाइन्छ र अठेवाली पार्ने शिव र पार्वतीका विवाहसँग सम्बन्धित विभिन्न गीत फाग गाइन्छ । सोही दिन पहिले बनाएको गौरा गंगा भएकी र पछि भगवान शिवले अर्की महिला सज्जासँग पनि विवाह गरेको सम्मुना गरी गौरा पार्वती आधा दिनपछि चेलीबेटीले खेतमा गएर नयां सज्जा नामक गौरा बनाएर ल्याउछन ।

नयाँ गौराको पनि शिवजीमाथि समान अधिकार भएको जनाउन पहिली गौरासँग पाँच चोटी घुमेर एउटैमा मिलाएर राख्ने एउटै घुम्टी ओढाई समान पूजाअर्चा गर्न चलन छ । यसले समाजमा दोस्री पत्नीको हकलाई स्थापित गरेको मानिन्छ ।

विशेष पूजाअर्चनापछि गौरालाई चढाएका फलफूल चारजना पुरुषले सफा कपडामा राखेर भीडतिर फाल्छन । पहिले पूर्वफर्किएर आकाशतिर फाल्नुपर्छ । त्यसपछि क्रमश सबै दिशातिर फालिन्छ । यसलाई  फल फड्काउने भनिन्छ । यस्ता फल पाउने भाग्यमानी हुने र उसले चिताएको पुग्ने भनाइ छ । त्यसपछि गौरामा चढाएका आआफ्ना दुग्धागो निकाली घांटीमा पोतेमा बांधेर लगाउने र पुरानो धागो गौरामा नै चढाउने चलन छ । अन्त्यमा ब्रतालु महिलाले प्रसादका रुपमा पाच विरुडा पानीमा राखी नचपाई निलेपछि ब्रत पूरा हुन्छ । त्यसपछि विरुडालाई प्रसाद मानेर पति र आफन्तको टाउको पूजी आशीर्वाद लिनेदिने गरिन्छ।

### ४.४.४ चौथो भनाइ

कञ्चनपुर जिल्ला भीमदत्तनगरपालिका भाँसी निवासी ६७ बर्षीय खगेश्वरी जोशीका भनाइ अनुसारगौरा सुदूरपश्चिमाञ्चलको धार्मिक एवं सांस्कृतिक पर्व हो । यो पर्वको पहिलो दिन बिरुडा पंचमीमा गौरा पर्व मनाउने समुदायका महिलाहरुले निराहार रही आ आफ्नो घरमा तामा वा पित्तलको भाँडोमा बिरुडा' अर्थात पाँचथरीका गेडागुडी भिजाउने गर्छन् । गौरापर्वमा व्रतालु तथा श्रद्धालु महिलाहरु गौराघरमा गई गरिने शिव र गौरीको पूजाअर्चनामा बिरुडा नै अक्षता र प्रसादका रुपमा प्रयोग हुन्छ । बिरुडा भिजाएको तेस्रो दिन महिलाहरुले सामूहिकरुपमा धान, साउ, तिल, अपामाग आदि बिरुवाका बोटबाट गौराको प्रतिमूर्ति बनाई गौराघरमा भित्र्याउँछन ।

धार्मिक अनुष्ठानका साथ गौरालाई गौराघरमा भित्र्याइ सकेपछि श्रद्धालु महिला शिव र गौरी (गौरा) को पूजाआजा गर्छन् । यस पछि विसर्जन नगरिएसम्म गौराघर नजिकको चौरमा पुरुष तथा महिलाहरु अलग अलगरुपमा गोलबद्ध भई स्थानीय लोक भाषामा देउडा, चैत, धमारी आदि खेल खेलेर आनन्द लिन्छन । अनुकूल तिथि हेरी विसर्जन गरिने गौरापर्वे मानिसमा धार्मिक आस्था र आपसी सद्भाव बढाउन मद्दत पुऱ्याउने मात्र नभई यस पर्वतीको व्रत बसी शिव र गौरीको पूजाआजा गर्नाले सुख शान्ति प्राप्त हुने तथा ईष्ट कुलदेवता प्रसन्न हुने जनविश्वास रहेकोछ ।

उपर्युक्त भनाइहरुलाई विश्लेषणात्मक रुपमा नियाल्दा गौरा पर्व सामाजिक र सांस्कृतिक पर्वका रुपमा स्थापित भएको देखियो । यस पर्वले सामाजिक एकता र भावनात्मक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको देखियो । हिन्दु धर्मसँग जोडिएको यस पर्वलाई मनाउने विधि एउटै भए पनि संस्कृति र स्थानीय भाषा अनुसार प्रक्रिया फरक फरक रहेको पाइयो ।

पर्व बिशेषका अनुष्टान भित्र स्थानगत र जातिगत भेद देखिए पनि यसमा निहित लोक कल्याणकारी भावना एकनासकै रहेको पाइयो । यो स्थानीयता भित्र सार्वभौमिकता समेत लुकेको हुन्छ । मुलतः गौरा महिलाहरुले शिव पार्वतीको सम्झनामा गर्न व्रत एवं पर्व हो । समय गतिका साथसाथै गौरा उत्सवमा पनि परिवर्तन आएकोछ । तर गीत, नृत्य, अति (स्मृति तथा लोकमानस भित्रको अज्ञात, अलिखित, काव्यको सौन्दर्यले झल्किन्छ । गौरादेवीको लिला क्षेत्र निश्चित गाउँ गर्खाको सिमामा मात्र आबद्ध छैन ।

# अध्याय - पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

अध्ययन सुदूरपश्चिमाञ्चल क्षेत्र कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-२ भाँसीमा केन्द्रित छ । गौरा पर्व यस क्षेत्रको प्रमुख चाँड हो । पहिचान हो । सभ्यता हो । सामाजिक प्रतिविम्व हो । यस अध्ययनमा "गौरा पर्वको सामाजिक र सांस्कृतिक सम्बन्ध( कञ्चनपुर जिल्ला भीमदत्तनगरपालिका-२ भाँसीमा आधारित अध्ययन)" शीर्षक अन्तर्गत गौरा पर्वको अध्ययन गरिएको छ । विकासको प्रतिस्पर्धामा अगाडि जान नसकेको यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउन तथा यसका लागि यस क्षेत्रको सामाजिक रीतिरिवाज, चालचलन, संस्कार तथा आर्थिक र अन्य सांस्कृतिक पक्षको बारेमा अध्ययन गर्नुपर्ने आजको टड्कारो आवश्यकता छ ।

अध्ययन क्षेत्रका उत्तरदाताको तथ्यलाई हेर्दा यस क्षेत्रका महिला र पुरुष दुवेको सहभागिता यस पर्वमा समान रहेको देखियो । ६० प्रतिशत मलि र पुरुष दुवैले यो पर्व मनाउने गरेको देखियो । यसबाट पर्वले लैङ्गिक समावेशीकरणमा सहयोग गरेको देखियो । उत्तरदातामध्ये ४० प्रतिशतले सुखदुख साटासाट गर्ने पवको विशेषता रहेको बताए । जसबाट यस पर्वले सामाजिक एकता प्रवर्द्धनमा योगदान गरेको देखियो । उत्तर दाताले दिएको उत्तरको आधारमा देउडाले राजनीति, धर्म, समाज निर्माण सम्बन्धि सन्देश दिने गरेको देखियो । यसबाट नागरिक सचेतना अभिवृद्धि भएको देखिन्छ ।

अध्ययनको क्रममा गौरा पर्वमा ब्राम्हण जातिको भूमिका केही बढी जस्तो देखिए पनि अन्य जातिको पनि उपस्थिति कम देखिएन । यसबाट जातीय सद्भाव सहिष्णुता र अन्तरनिर्भरता कायम गरी स्वस्थ र सभ्य समाज निर्माणमा यस पर्वको सकारात्मक प्रभाव रहेको पाएयो ।यस पर्वमा ७० प्रतिशत जातजातिले देउडा खेलमा सहभागि हुने गरेको पाइयो । जातिगत आधारमा पूजा गराउने काम ब्राम्हणले, बाजा बभ्काउने काम दलितले गरे पनि देउडा खेलमा सबै जातिहरुको उत्साहपूर्ण सहभागिता हुने गरेको पाइयो । गौरा पर्वले स्थानीय भाषा र साहित्यको विकासमा सहयोग गरेको देखियो र यसले सबैको सहभागितामा जोड दिएकाले सहयोगात्मक भावनाको विकास भएको देखिन्छ ।

यस पर्वले सानालाई माया र ठूलालाई सम्मान गर्नुपर्छ भन्ने सन्देश दिएको पाइयो ।द्वन्द व्यवस्थापन र मनमुटाव न्यूनीकरणमा विरुडा आदानप्रदानको माध्यमबाट मेलमिलापको सन्देश दिएको पाइयो । अध्ययन क्षेत्रका उत्तर दाताको उत्तरका आधारमा स्थानीय सामग्रीको प्रदर्शन, व्यापार र कारोबार हुने देखियो । जसबाट स्थानीय रोजगार प्रवर्द्धन गरी जीवनस्तर सुधार गर्न सहयोग गरेको पाइयो । यस पर्वलाई आ-आफ्नो क्षमता अनुसार मनाउने प्रयास गर्ने गरेको भए पनि आधुनिकताको असर अनुसार लुगा, कपडा, गहना र लवाइ खवाइमा केही फरकपन पाइयो ।

गौराको परम्परागत प्रचलनलाई आधार मानेर हेर्दा ४३ प्रतिशत शुद्धिका लागि, १० प्रतिशत परम्परा जोगाउन र २८ प्रतिशत विवाहित भएको देखाउन पर्व मनाउने गरेको पाईयो । यसै गरीगौराको आधुनिक प्रचलनलाई आधार मानेर हेर्दा ३३ प्रतिशत आफन्तसंग भेट हुन, १७ प्रतिशतले देउडा खेल्न र ५० प्रतिशतले समाजिक सद्भाव कायम गर्न यो पर्व मनाउने गरेको पाईयो ।

यस पर्वमा आत्मियता साटासाट गर्न, मित्रता बलियो बनाउन र परम्परा जोगाउन देउडा खेल खेल्ने गरेको पाइयो । अध्ययनको आधारमा गौरा मनाउने अवधि खास गरी तीन दिन पाइयो तर यसमा एकरुपता भने पाइएन । गौराको व्रत, पूजा अवधि तीन दिनसम्म रहे पनि गौरा विसर्जन कुन दिन गर्ने भन्ने कुरा सुभ साइत पारेर गर्ने गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

गौरा पर्व यस क्षेत्रको जीवनशैली बनेको छ । विदेशमा गएका वा विवाह भएर आफ्नो घर गएका चेलीबेटीहरुले गौरा पर्खेर बसेका हुन्छन् । आर्थिक रुपमा कमजोर अवस्था भएका परिवार मीठो खानाका लागि पनि गौरा पर्खि रहेका हुन्छन् । साना बालबालिकाहरु नयाँ लुगा लागाउन पनि गौरा नै पर्खिने गर्दछन् । रमाइलो गर्न, नयाँ लुगा लगाउन, नयाँ व्रतालुले व्रत लिन र समाजिक सद्भावको लागि गौरा मुख्य पर्वको रुपमा रहेको पाइन्छ । यसको मतलव गौराको आफ्नै अलग्गै महत्वपूर्ण स्थान रहेको छ । यो पर्व धार्मिक, समाजिक तथा सांस्कृतिक रुपमा अग्रिम स्थानमा रहेका छ । यो पर्वको धार्मिक महत्वमा कमी हुदै आए पनि समाजिक तथा सांस्कृतिक रुपमा भने दिनानु दिन महत्व बढ्दै गइरहेको छ । सुदूर पश्चिमको पहिचान बनेको गौराले यहाँको एकतालाई बलियो

बनाएको छ । अरु बेला सबै आ-आफ्नै काममा व्यस्त भए पनि गौराले एक ठाउँमा ल्याई दिन्छ । सद्भावलाई कायम राख्दछ । जुन गौराको सुन्दर पक्ष पनि हो ।

गौरा पर्वमा लैंगिक, जातीय र आर्थिक समानता पनि भएको पाइन्छ किनभने गौरा पर्व महिलाहरुको पर्व भएकाले महिलाहरु गौरा पूजामा व्यस्त देखिन्छन् यसले गर्दा पुरुषहरुले घरायसी काम गर्नुपर्ने हुन्छ । यसका साथै सबै सँगसँगै गौरा खेल खेल्ने भएकाले जातीय भेदभाव पनि देखिदैन । गौरापर्वमा सबैले खोजेर भए पनि राम्रै खाने र सबैले नयाँ लुगा लाउने भएकाले कुन धनी कुनगरिब भन्न सकिदैन । त्यसैले यसलाई समानताको पर्वका रुपमा पनि लिन सकिन्छ । यसमा सबैभन्दा महत्वपूर्ण कुरा सुदूरपश्चिमको सामाजिक संरचना निर्माण गरेको छ । सुदूरपश्चिमको सामाजिक सन्तुलन कायम गरेको छ । सामाजिक मूल्य-मान्यता, नियमलाई विभिन्न विधाका माध्यमवाट सामाजमा लागू गरेको पाइन्छ ।

गौरा पर्व मनाउने तरिका विधि तथा चलन फरक भए पनि सुदूर पश्चिमलाई एकतामा जोडने सेतुको रुपमा रहेको छ । सुदूर पश्चिमको पहिचान तथा मुख्य संस्कृतिको रुपमा रहेको गौराले यहाँको समाजिक एकता तथा सदभावलाई कायमा राखेको छ । सबैलाई एकताबद्ध बनाइ राखेको छ । गौराले सबैलाई एक ठाउँमा ल्याए पनि गौरामा आएको परिवर्तन तथा आधुनिकताले गौराको मौलिकता हराउने सम्भावना बढेर गएको छ । यसकारण गौरालाई सबैले स्वीकार गरी यसलाई जोगाउनु पहिलो सर्त बनेको छ ।

गौरा पर्वमा महिलाको भूमिका मुख्य भए पनि पुरुषहरुको लागि पनि यो उत्तिकै महत्वपूर्ण पर्व हो । महिलाहरुले गौरा भित्र्याउने तथा पूजा गर्ने गरे पनि पुरुषहरुले पनि डेउडा, चैत (स्थानीय लयमा भगवान तथा बीर पुरुषका विरताका गाथा गाउने तरिका), धुमारी, छलो (हात तथा खुट्टाको प्रयोग गरी युद्ध कौसल प्रर्दशन गर्ने कला) लगायतका खेलहरु खेल्छन् । कुनै ठाउमा पुरुष पुरुष बीच डेउडा खेलिन्छ भने कुनै कुनै ठाउँमा महिला तथा पुरुषको बीचमा डेउडा खेल्ने गर्दछन् । डेउडामा युवा पिढीको बाहुल्यता हुन्छ भने चैत तथा धुमारीमा बुढा पुस्ताको बाहुल्यता रहन्छ । गौरा सुरु हुनु भन्दा एक महिना अगाडि देखि नै राती डेउडा लगायतका खेलहरु खेल्ने गरिन्छ । यस पर्वमा विदेशमा रहेका आफन्त तथा विवाहित चेलीहरु माइत आउने गर्दछन् । यो पर्व भेटघाट तथा खुशीयाली साट्ने पर्वका रुपमा लिइन्छ । बर्षभरी खान नपुग्नेले पनि गौरा पर्वमा मीठो खाने राम्रो लगाउने गर्दछन् । बालबालिकाहरुले नयाँ लुगा लगाउन गौरा पर्खेर बसेका हुन्छन् । यसरी

गौरा पर्व महिला,बालबालिका तथा पुरुष सबैका लागि उत्तिकै महत्वको पर्व हो । यो नै गौराको सुन्दर पक्ष हो ।

# सन्दर्भ सूची


अवस्थी, महादेव (२०६१), *सुदूरपश्चिममा विकासका सम्भावना तथा चुनौती,* काठमाडौं प्रसंसा संरक्षण समूह बबरमहल ।

आचार्य, बलराम (२०६७), *समाजशास्त्र र मानवशास्त्रममा अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,* काठमाण्डौं नेशनल बुक सेन्टर ।

ओझा, कृष्णराज (२०५७), *अठ्यवाली शोधपत्र,* नेपाली भाषा केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय ।

चन्द, कृति (२०६०), *सुदूरपश्चिमाञ्चलको गौरा पर्व,* कान्तिपुर बर्ष ११ अंक १७८ ।

जोशी, पदमराज (२०५९), *गौरा पर्व एक झलक,* काठमाण्डौं रत्न पुस्तक भण्डार थापाथली ।

देवकोटा, पदमलाल र ओझा, नेत्रकुमार (२०६६), *समाजशास्त्रमा सैद्धान्तिक दृष्ट्रिकोणहरु,* कीर्तिपुर एकेडेमिक बुक सेन्टर ।

पन्त, जयराज (२०६१), *सुदूरपश्चिममा विकासका संम्भावना तथा चुनौती,* प्रशंसा संरक्षण समूह बबरमहल, काठमाडौं ।

बिष्ट, डोरबहादुर (२०३०) *सबै जातको फूलबारी,* काठमाण्डौं साझा प्रकाशन ।

भण्डारी, प्रेमसिंह (२०६२), *समय र शक्ति,* बागबजार पुर्णागिरी र गुहेश्वरी ।

शर्मा, बद्रीप्रसाद (२०७३), *गौरा पर्वको धार्मिक, सामाजिक र सांस्कृतिक महत्व,* अन्न्पूर्णपोष्ट २०७३ भदौ ।

श्रेष्ठ, हिरण्यलाल (२०४३), *सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती,* काठमाण्डौं नेपाल सास्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षण संघ ।

Francis, Abraham(1992). *Modern Sociological Theory*:*An Introduction*.Bombay. Oxford University PressUniversity Press.

Central Bureau of Statistics(2011).*National Population Census*. Thapathali, Kathmandu.

Collins, Randall (1975).*Conflict Sociology; Toward and Explanatory Science.* New York Academic Press.

Devkota, Padamlal and Ojha, Netra Kumar (2008). *Models of Culture.*Kirtipur Nepal Academic Book Centre.

District Development Committee Kanchanpur (2017), Retrieved from www.ddckanchanpur.gov.nps.

Geertz, Clifford (1973).*The Interpretation of Culture: Notes on theBalinese.* Cockfight Book.New Jersey.Princeton University Press.

H. Garfinkel (1984).*Studies in Ethnomethodology*. Cambridge PolityPress.

Meed, H.George (1934).*Mind, Self and Society: From the Standpoint of a Social Behaviorist*. Chicago: University of Chicago.

Bannet, Lynn(1983).*Dangerous Wives and Sacred Sister*. ColumbiaUniversity Press.

Young, P.V.(1988). *Scientific Social Survey and Research*. NewDelhi.Prentice Hall of India Pvt.Ltd.

Tylor, E.B. (1871). *Primitive Culture.* London University Press.

# अनुसूची

## अन्तवार्ताअनुसूची

उत्तरदाताको विवरण

नाम..............................................

उमेर............................................. लिङ्ग................................

जिल्ला............................................. नगरपालिका.......................

वडा नं ........................................... टोल ...................................

थप विवरण

| नाम | पेशा | शिक्षा | उमेर | परिवार सदस्य संख्या | | जाति/समुदाय | विवाहित/अविवाहित |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | | |
| | | | | | | | |

१. गौरा पर्वमा लैङ्गिक समावेशीकरणको अवस्था कस्ते छ ?

क. महिलाले मात्र ख. पुरुषले मात्र ग. महिला पुरुष दुवैले

२ गौरा पर्वको मुख्य विशेषता के हो ?

क भेला हुने अवसरख. देउडामार्फत् सन्देशग. सुख दुःख साटासाट

३. देउडा खेलका सन्दर्भ र विषय के के हुन्छन्?

क. राजनीति सम्बन्धी ख.धर्म सम्बन्धी

ग.समाज निर्माण सम्बन्धी घ. अन्य

४. गौरा पर्वमा जातीय सहभागिता कस्तो छ ?

क. ब्राह्मणख.क्षेत्रीग. अन्य

५. यस पर्वमा जातिगत कार्य विभाजन कस्तो हुन्छ ?

क. पूजा गराउने ख. देउडा खेल्ने ग. बाजा बजाउने

६. गौराले पर्वले भाषा विकासमा कसरी योगदान दिएको छ ?

क.स्थानीय भाषाको मात्र प्रयोग हुनाले

ख.स्थानीय साहित्यक शब्दको प्रयोग हुनाले

ग. अन्य भाषाभाषी पनि यस पर्वमा आकर्षित हुनाले

७. गौरापर्वमा अपुग खाद्यान्न र पैसाको जोहो कसरी गर्नुहुन्छ ?

क. हुनेले नहुनेलाई दिएर ख. ऋण वा पैंचो लिएर

ग. जस्तो छ त्यस्तै मनाउने हो

८. गौरा पर्वमा प्रसाद ग्रहणको क्रममा कसले कसलाई अभिवादन गर्दछ?

क सानोले ठूलोलाईख. जसले जसलाई गर्दा पनि हुन्छ

९. मनमुटाव भएका घर परिवारमा एक आपसमा विरुडा आदान प्रदान हुन्छ कि हुदैन ?

क. हुन्छख. हुँदैनग. तेस्रो व्यक्तिमार्फत हुन्छ

१०. गौरा पर्वमा कस्तो आर्थिक क्रियाकलाप हुन्छ ?

क. स्थानीय सामग्रीको प्रदर्शन ख. स्थानीय सामग्रको व्यापार

ग. अन्य व्यापार

११. गौरा पर्वको आर्थिक भार कस्तो छ ?

क. धेरै खर्चिलो ख. अलि अलि खर्चिलो

ग. जसरी भए पनि धान्नुपर्छ

१२. गौरा पर्व मनाउने परम्परागत उद्देश्य के रहेको छ?

क. शुद्धताका लागि ख.परम्पराको जगेर्ना

ग. विवाहित भएको देखाउन

१३ गौरा पर्व मनाउनुको मुख्य फाइदा के हो ?

क. आफन्तसँग भेट ख. देउडा खेल्न पाइन्छ

ग.सामाजिक सद्भाव कायम हुन्छ

१४. गौरा पर्वका परम्परागत प्रचलनका परिवर्तका बारेमा के भन्नुहुन्छ ?

क.परम्परा हो, जोगाउनुपर्छ ख.समयानुकूल परिवर्तन गरिनुपर्छ

१५. गौरा पर्वमा गीत गाइन्छ कि गाइदैन ?

क. गाइन्छ ख. गाइदैन ग.कम हुँदै गइरहेको छ

१६. देउडा खेल किन खेलिन्छ ?

क.आत्मियता साटासाट गर्न ख. परम्परा हो ग. मित्रता बलियो बनाउन

१७. गौरा पर्व मनाउने अवधि कति हो ?

क. दुई दिन ख. तीन दिन ग. एक रुपता नभएको

# वस्तुगत प्रश्नहरुको सूची

१) गौरा पर्व मनाउन कसरी शुरु भयो भन्नेबारेमा तपाईंलाई के थाहा छ ?

..........................................................................

२) यो पर्व मनाउन कहिलेदेखि शुरु भयो भन्ने केही जानकारी छ ?

..........................................................................

३) विवाहित महिलाले मात्र मनाउने चलन कसरी किन रह्यो ?

..........................................................................

४) यो पर्व कति दिन सम्म मनाइन्छ ?

..........................................................................

५) यस पर्वमा पुरुषको सहभागितालाई किन महत्व नदिएको होला ?

..........................................................................

६) यो पर्व सामूहिक रुपमा मनाइन्छ कि एकल ?

..........................................................................

७) के पर्व मनाउन विशेष ठाउँ चाहिन्छ ? किन ?

..........................................................................

८) के हुने खाने वा हुँदा खाने वर्गबीच पर्व मनाउने तरीकामा भिन्नता छ ?

..........................................................................

९) सामाजिक एकतालाई सुदृढ गर्न यस पर्वले कस्तो भूमिका खेल्छ ?

..........................................................................

१०) समाजमा कुन कुन पक्षलाई यस पर्वले समेट्छ ?

..........................................................................

११) यसले दैनिक ब्यबहारलाई कसरी प्रभाव पारेको छ ?

.........................................................................

१२) युवा र बुढापाकाहरुमा यस प्रतिको धारणा कस्तो छ ?

.............................................................................

१३) प्रतिस्पर्धा प्रवर्द्धन यो पर्वसँग कसरी जोडिएको छ ?

.............................................................................

१४. सामाजिक कार्य विभाजन किन गरिन्छ ?

.............................................................................

१५. सबै जातजाति एक आपसमा कसरी आत्मनिर्भर छ ?

.............................................................................

१६. समाजमा भएका जेष्ठ नागरिकहरुलाई सम्मान दिन यस पर्वले कसरी भूमिका खेलेको हुन्छ ?

..........................................................................

१७. पर्यावरण संग यस पर्वको के सम्वन्ध रहेको छ ?

................................................................

१८. सामूहिक एकता दर्शाउन देउडा खेलको के महत्व छ ?

.....................................................................

१९. आफ्नो संस्कृति लाई जर्गेना गर्न युवाहरुले कस्तो भूमिका खेलेको छ ?

...................................................................

२०. परंपारिक र आधुनिक तरिकाले गौरापर्व मनाउदा के के कुरामा फरक भएको छ ?

...............................................................................

२१. गौरापर्व मनाउदा भित्रिएको आधुनिकतालाई कस्तो रुपमा लिनु भएको छ ?

............................................................................

२२. संस्कृतिको अनुशरण नया पुस्ताले गरेको छ कि छैन ?

.........................................................................

२३. देउडा समाज र संस्कृतिको विकास र विस्तारका लागी के के प्रयास भइराखेका छन् ?

.........................................................................

२४. तपाईका आर्थिक आयका स्रोतहरु के के छन् ?

....................................................

२५. आफ्नो आर्थिक अवस्था बलियो बनाउन वैदेशिक रोजगारमा जानेहरुको संख्यामा कमी वाअधिकता के छ ?

......................................................................

२६. आर्थिक अभावमा पर्व मनाउदा के कस्तो कष्ठ हुन्छ ?

.........................................................................

२७. गौरापर्वको अवसरमा त्यो अवधिमा व्यापारहरु कस्तो चल्छ ?

.........................................................................

२८. देउडा गायनमा राजनैतिक व्यंग किन गरिन्छ ?

.................................................................

२९. गौरापर्वलाई अझै व्यापक बनाउन के-के प्रयासहरु भएका छन?

.................................................................................

३०. गौरापर्वतिर आजका युवा पिडीलाई आकर्षित गराउन के कस्ता कार्य भइरहेका छन्?

......................................................................................

३१. गौरा पर्वमा भित्रिएको आधुनिकीकरणले समाजमा के असर गरेको छ ?

..................................................................................

३२. सामाजिक सद्भाव , एकता र मेलमिलाप बढाउन यस पर्वले कसरी मद्दत गर्दछ ?

....................................................................................

## समूह छलफलका लागि प्रश्न

१) यो पर्व किन मनाइन्छ ?

.........................................................................

२) बिरुडा भनेको के हो ?

.........................................................................

३) यस पर्वमा कुनकुन र कस्ता कस्ता नाच गान गरिन्छन् ?

.........................................................................

४) यस पर्वका खास बिशेषताहरु के के हुन् ?

.............................................................

५) पर्वको अवसरमा लाग्ने मेला जात्रा आदि कस्तो व्यापार हुन्छ ?

............................................................................

६) यस पर्वले सामाजिक चेतना कसरी अभिवृद्धि गर्दछ ?

........................................................................

७) आफन्तलाई बिरुडा बाड्ने चलनले के दर्शाउँछ ?

........................................................................

८) पर्व मनाउने बिधिमा पहिले र अहिलेमा के भिन्नता छ ?

.........................................................................

९) पञ्चविरुडा भनेको के के लाई जनाउछ ?

.........................................................................

## रुजुसूची

| | | |
|---|---|---|
| १. | तपाईंको विचारमा गौरा व्रत आवश्यक हो ? | (हो / होइन) |
| २. | दुब्धागो लगाउन अनिवार्य हो ? | (हो / होइन) |
| ३. | देउडा खेल सबैका लागि अनिवार्य नै हो ? | (हो / होइन) |
| ४. | के यो पर्व ब्राम्हण र क्षेत्रीका लागि मात्र हो ? | (हो / होइन) |
| ५. | गौरा पर्वमा देखासिकी ठीक हो ? | (हो / होइन) |
| ६. | गौरा पर्वमा आधुनिकता भित्रिएको छ ? | (छ / छैन ) |
| ७. | के यो पर्व अधिक खर्चिलो छ ? | (छ / छैन ) |